**अपाङ्गताको आधारमा भेदभाव नगरौं**

अपाङ्गताको आधारमा कसैलाई पनि
- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं।
- अपाङ्गताको आधारमा गरिने विभेद विरूद्ध खुलेर बोलौं।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस १७ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 02 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२३

## पर्साको जङ्गल क्षेत्रमा नयाँ वर्षमा वनभोज गर्नेहरूको भीड

चिरञ्जीवी सापकोटा, ठोरी, १६ पुस/

इस्वी संवत् २०२४ अर्थात् अङ्ग्रेजी नयाँ वर्ष मनाउन यसपटक पनि पर्सा जिल्लाको रमणीयस्थल ठोरी गाउँपालिकाका विभिन्न स्थानहरू आन्तरिक तथा भारतीय पर्यटकहरूले भरिभराउ भए।

ठोरी गापाका राईधारा, गणेशमान पार्क, ठुटेखोला, चिताखोला, रानीवन, पञ्चेश्वर परिसर, सेतो भीर परिसर, रातो डाँडा, सीतागुफा परिसरमा आन्तरिक तथा भारतीय पर्यटकहरू ठूलो सङ्ख्यामा आएर पिकनिक मनाए। बारा, पर्सा, रौतहट र भारतका नरकटियागंज, बेतिया, मोतिहारी, मुजफ्फरपुर, पटनालगायतबाट परिवारसहित नयाँ वर्षमा पिकनिक मनाउन ठोरी आएका स्थानीय होटल व्यवसायी दिनेश नेपालले बताए।

ठोरीको हावापानी, वातावरण, खोलानाला, पहाड, जङ्गल, भीर, पाखालगायतका मनोरम दृश्यहरू हेर्नका लागि आफूहरू सपरिवार ठोरीमा नयाँ वर्ष मनाउन आउने गरेको भारत बेतियाका राजु साहले बताए। सोमवार बिहानैदेखि पिकनिक मनाउन ठोरी आउनेहरूको क्रम बढेको र उनीहरूको व्यवस्थापन निर्मल–ठोरी उपभोक्ता समितिले स्थानीयहरूको समन्वयमा गरेको समितिका अध्यक्ष बालकुमार बस्नेतले बताए।



ठोरीस्थित पार्कमा पिकनिक मनाउन आएका मानिसहरूका सवारीसाधन। तस्वीरः प्रतीक

अङ्ग्रेजी नयाँ वर्षमा पिकनिक मनाउन ठोरी आउनेहरू शान्ति सुरक्षा चुस्तदुरुस्त बनाइ टोली विभाजन गरी खटाइएको इलाका प्रहरी कार्यालय, ठोरीका प्रहरी निरीक्षक सन्तोष राईले बताए। उनले सशस्त्र प्रहरी, ट्राफिक प्रहरीसमेतको समन्वयमा शान्ति सुरक्षा र आवतजावतमा व्यवस्थापन गर्न सहज बनाइएको बताए।

**ओमप्रकाश चौधरी, सेढवा/**

अङ्ग्रेजी नयाँ वर्ष २०२४ को अवसरमा पर्साका विभिन्न पर्यटकीय स्थलमा सोमवार स्वदेशी र भारतीय नागरिक वनभोज खान ठूलो सङ्ख्यामा उपस्थित भए।

ठोरी गाउँपालिकाका विभिन्न पर्यटकीय तथा धार्मिक स्थलहरूमा नेपाली तथा भारतीय नागरिकहरूको भीड आज बिहानदेखि साँझसम्म रह्यो।

पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको जङ्गल, सबडिभिजन वन कार्यालय वसन्तपुरको वन क्षेत्र, जीराभवानी गापा अन्तर्गत सुगीभार मन्दिर परिसरमा नयाँ वर्षको दिन वनभोज खानेको भीड लागेको थियो। यसैगरी, पटेर्वासुगौलीमा पर्ने गादीमाई मन्दिर, रङ्गपुर, पर्सागढी नगरपालिकाको कोइलाभारमाई र आमोदेवीमाई मन्दिरमा वनभोज गर्नेहरूको दरिलो उपस्थिति थियो।

नयाँ वर्ष मनाउन हरेक उमेर समूहका मानिसहरू समूह बनाइ तय गरिएका स्थानमा वनभोज खान बिहानैदेखि झुम्मिएका थिए। ग्रामीण भेगको हुलाकी सडकमा आवागमन गर्ने यात्रीको सङ्ख्यामा सोमवार यसै कारण पनि निकै भीड रह्यो। मानिसहरू ट्याक्टर, कार, जीप, मोटरसाइकल तथा साइकलमा सवार भई वनभोज खान गएका देखिन्थे।

अङ्ग्रेजी नयाँ वर्ष भएकोले नेपालमा विद्यालयहरू खुला रहेकाले विद्यार्थीहरूको सङ्ख्या भने निकै कम रह्यो। ७५ प्रतिशत विद्यार्थीहरू समूह बनाएर वनभोज गर्न गएका एकजना शिक्षकले बताए। विद्यार्थीहरू नभएकाले सोमवार ग्रामीण क्षेत्रका विद्यालयहरू टिफिनपछि बिदा भए। ११ वर्षमुनिका नानीबाबुहरूले जङ्गल क्षेत्रबाहिर रहेका बगैंचा, मन्दिर तथा खेतमा पिकनिक गरेर नयाँ वर्ष मनाए।

भारतमा हिजो आइतवार साप्ताहिक बिदा र आज सोमवार नयाँ वर्षको सार्वजनिक बिदा भएकोले हिजैदेखि पिकनिक मनाउन भारतीय नागरिकहरू नेपाल प्रवेश गरेका थिए।

## बिहारमा मदिरा बन्द नेपालमा मर्नेको सङ्ख्या बढ्यो

प्रस, वीरगंज, १६ पुस/

बिहार सरकारले मदिरा उत्पादन तथा बिक्रीमा रोक लगाएको छ। करीब एक दशक बढी भयो बिहारमा मदिरामाथिको प्रतिबन्ध। यो क्रममा बिहारबाट भारतीयहरू नेपाली सीमा क्षेत्रमा आएर मदिरा सेवन गर्ने र अत्यधिक मदिरा सेवन तथा मदिरा सेवन गरी सवारीसाधन चलाएर दुर्घटनामा परेर मर्ने मानिसहरूको सङ्ख्या बढिरहेको छ।

सीमावर्ती भारतको रक्सौल लगायतका क्षेत्रबाट आउने भारतीयहरूले अत्यधिक मदिरा सेवन गरी सवारी दुर्घटनामा परी ज्यान गुमाउने गरेको जिल्ला ट्राफिक कार्यालयका प्रमुख एवं प्रहरी निरीक्षक भाष्कर खतिवडा बताउँछन्। आफ्नो हितैसी, बिहेबारी, चाडपर्वमा भारतीयहरू नेपाल प्रवेश गर्ने र मदिरा सेवन गरेर तीव्र गतिमा सवारीसाधन चलाउने गरेकाले दुर्घटनाको शिकार हुने गरेको उनले बताए। एक साताअघि बिहार, मोतिहारी, ढाका निवासी एक युवक पर्सा जिल्ला ससुराली आएर अत्यधिक मदिरा सेवन गरी सुक्खा बन्दरगाहनजीकको खोलामा डुबेर मृत्यु भएको घटना सेलाउन नपाउँदै हिजो आइतवार पर्सा जिल्लामा ससुराली आएका अर्को एकजना युवक गण्डक नहरको पुलमा ठोक्किएर मृत्यु भएको छ।

प्रनि खतिवडाले रक्सी पिउन आएका भारतीयहरू प्रहरीको डरले सीधा बाटो नगई चोर बाटोबाट जाने गरेका र सो





क्रममा दुर्घटना भएर आफ्नो ज्यान गुमाउने तथा अर्काको ज्यान लिने गरेको बताए। उनले यस प्रकारका दुर्घटना नियन्त्रणका लागि ट्राफिक चिह्नहरू पुलहरूमा राख्न लागिएको बताए। उनले एक वर्षको अवधिमा सवारी दुर्घटनाबाट पर्सामा २३ जनाको मृत्यु भएको बताए। राजमार्गमा दुई, शहरी सडकमा एक र बाँकी २० जनाको ग्रामीण क्षेत्रका सडक दुर्घटनामा मृत्यु भएको उनले बताए।

## पोखरिया अस्पतालबाट म्याद गुज्रेको औषधि बिक्री

धमेन्द्र चौरसिया, पोखरिया, १६ पुस/

पोखरिया अस्पतालमा म्याद गुज्रेका औषधि वितरण भइरहेको भेटिएको छ। स्वास्थ्य बीमा गरेका शहीद अख्तर मियाँ




तेलीलाई मधुमेहको म्याद गुज्रेका औषधि अस्पतालले दिएको हो।

स्वास्थ्य बीमा गरेका बिरामीहरूलाई अस्पतालबाट उनीहरूको बीमा पोलिसी अनुसार वर्षमा रु एक लाखसम्मको औषधोपचार खर्च उपलब्ध हुन्छ। बीमितले औषधि, शय्या, परीक्षण लगायतमा सो बीमा पोलिसी अनुसार खर्च गर्न सक्छन्। तेलीले आफ्नो स्वास्थ्य परीक्षण अस्पतालका चिकित्सकसँग गराएर औषधि बिक्री कक्षबाट औषधि लिंदा म्याद गुज्रेको औषधि दिइएको थियो। तेली पढेलेखेका भएकाले उनले औषधिको प्याकेट हेर्दा अक्टोबर २३ तारिखमा म्याद सकिएको औषधि डिसेम्बर २९ तारिखमा दिएको उनले बताए। उनले भने– मैले पढें अनि थाहा पाएँ, होइन भने अनपढहरू कतिजनाले म्याद सकिएको औषधि सेवन गरेका होलान्।

निमित्त मेडिकल सुपरिटेन्डेन्ट सञ्जु दासले असावधानीवश त्यस्तो हुन गएको र ती औषधि हटाउन निर्देशन दिइसकेको बताए।

## जातेकुना सिमसार क्षेत्र पर्यटकीयस्थल बन्दै स्थानीयले प्रयास गरे धार्मिकस्थल बनाउन खर्च

प्रस, निजगढ, १६ पुस/

निजगढ नगरपालिका–६ स्थित जनसृजनशील सामुदायिक वन उपभोक्ता समूहको जातेकुना सिमसार क्षेत्रमा निर्माण गरिएको पर्यटकीय स्थल आइतवारदेखि सञ्चालनमा आएको छ।निजगढ नगरपालिकाका वडाध्यक्ष घनश्याम तिमिल्सिना र सोही वन समूहका अध्यक्ष कुशबहादुर थापाले संयुक्तरूपमा उद्घाटन गरेका थिए।

कार्यक्रममा वडाध्यक्ष तिमिल्सिनाले वन समूहको वनजङ्गल क्षेत्रलाई संरक्षण गर्दै पर्यटकीय क्षेत्रको सम्भावना रहेको क्षेत्रलाई संरक्षण एवं प्रचारप्रसार गर्नुपर्ने बताए। समूहको वन क्षेत्रमा भएका रूखलाई कटान गरी वन पैदावर बिक्री गर्ने थलोको रूपमा मात्र नलिई पर्यटकीय क्षेत्रको सम्भावनाको विकास गरिनुपर्ने अहिलेको आवश्यकता रहेको उनले बताए। सबैको साथ सहयोगमा विभिन्न देवीदेवताहरूका मूर्ति राखिएको धार्मिक महत्त्वले पनि यो वन क्षेत्रलाई चिनाउन सकिने र यसको लागि वडा कार्यालय सहयोग गर्न पछि नपर्ने उनले बताए।




निजगढ–६ जनसृजनशील वन उपभोक्ता समूहको वन क्षेत्रभित्र रहेको जातेकुना मूल र सिमसार क्षेत्र। तस्वीरः प्रतीक

वन समूहका अध्यक्ष थापाले वन क्षेत्रको संरक्षण एवं विकासमा आम उपभोक्ताको साथ सहयोग रहेको बताउँदै वन क्षेत्रमा पर्यटकीय सम्भावना बोकेका क्षेत्रको छनोट गरी डिभिजन वन कार्यालय बारा मातहतका वन कर्मचारी, प्राविधिकहरूको रायसुझावलाई कार्यान्वयनमा ल्याइ पर्यटकीयस्थलका रूपमा विकास र प्रचारप्रसार गर्ने लक्ष्य वन समूहको रहेको बताए।

सो वन क्षेत्रमा काजीबहादुर अधिकारी र सीता अधिकारीले रु ७५ हजारको लागतमा चुरे पहाडबाट निस्किएको पानीको मूललाई संरक्षण गर्दै पर्यटकीयस्थलका रूपमा आकर्षक सिंह मुखे धारा, गोही, कालीनाग, द्वारपालेलगायतको संरचना निर्माण गरेका छन्।

दाता अधिकारीले आफू सानैदेखि यसै वनजङ्गल क्षेत्रमा गोठाला साथीभाइसँगै आउने, घुम्ने र यही जातेकुना मूलको पानी पिउने गरेकाले पनि अहिले यसको संरक्षण गर्दै धार्मिक महत्त्वका मूर्तिहरू निर्माण गर्न लगाएको बताए। उनले यो सुरुआत मात्र भएको र यसमा धेरै काम गर्नुपर्ने बताए। ठूलो महादेवको मूर्ति र वनभोज खान आउने,

(बाँकी अन्तिम पातामा)

**आवश्यकता**

यस दैनिकको लागि एकजना कम्प्युटर अपरेटरको आवश्यकता भएकोले यथाशीघ्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

नोटः पेजमेकर, फोटोसप, इन्टरनेट र नेपाली टाइपिङ गर्न सक्ने व्यक्तिलाई विशेष ग्राहयता दिइनेछ।

**सम्पर्कः प्रतीक दैनिकको कार्यालय, वीरगंज-११, मो. ९८४५०२१९१०**

### विचारसार र सुक्तिहरू

**प्रत्येक नयाँ वर्ष हाम्रो जीवनको पुनर्जन्म हो । त्यसैले हिजोका सबै दुःखद क्षणहरूलाई बिर्सेर, आजलाई जीवनको सबैभन्दा महत्त्वपूर्ण दिन बनाऊ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अवसरको खोजी गरौं

**नेपालमा रोजगारको अवसर नभएको होइन तर यहाँ अवसरको खोजी नै नगरी विदेशिने क्रम बढेको छ। विदेशिनुको कारण यहाँको भन्दा आकर्षक कमाइ नै हो । तर कमाइसँगै जोखिमपूर्ण कामहरू गर्नुपर्ने र त्यसबाट मृत्यु पनि हुने गरेकोलाई अहिले नेपाली युवा समाजले बुझ्न सकेका छैनन्। दैनिक १५ सयको हाराहारीमा नेपाली युवा जनशक्ति बाहिरिँदै छ । सरकारले रोजगारको अवसर सिर्जना गर्ने, वैदेशिक रोजगारका लागि बाहिरिनु नपर्ने जस्ता सदाबहार घोषणा गर्दै आएको छ। तर जति राम्रो घोषणा गर्छ, त्यत्ति नै राम्रो काम नगर्दा नेपालमा रोजगारको अवसर नदेखेर विदेशिने युवाहरूको सङ्ख्या बढ्दो छ। कुनै बेला हिमाल र पहाडबाट रोजगारको अवसर नपाएर मुगलान (भारत) जानेक्रम बढ्दो थियो । त्यसपछि तेस्रो मुलुक जाने क्रम बढ्यो । अहिले अमेरिका, युरोप, अस्ट्रेलिया, खाडी मुलुकहरू जानेक्रम बढेको छ। विदेशमा दक्ष जनशक्तिहरू सम्मानजनकरूपमा रोजगारमा संलग्न छन् भने अदक्ष जनशक्ति भने पीडा, यातनापूर्ण जीवनशैली बाँचिरहेका छन् ।**

**चोरबाटोबाट विदेशिनेहरूको सङ्ख्या झनै ठूलो छ। रूसले युक्रेनमाथि आक्रमण शुरू गरेपछि नेपाली युवाहरू रूसी सेनामा अनधिकृतरूपमा भर्ना भएका र अहिलेसम्म करीब एक दर्जन नेपालीले ज्यान गुमाएको कुरा प्रकाशमा आएको छ। विभिन्न प्रलोभन दिएर नेपाली युवाहरूलाई रूसी सेनामा भर्ना गरिँदैछ तर सरकारले यसरी अनधिकृतरूपमा रूसी सेनामा भर्ना रोक्न सकेको छैन। करीब दुई सय बढी नेपाली युवा युद्धका क्रममा रूसी सेनामा भर्ना भएका छन् । युद्धको बखत सेनामा भर्ना हुनुको अर्थ ती युवाहरूले नबुझेका होइनन् तर नेपालमा अवसर छैन, विदेशमा पनि अवसरबाट वञ्चित युवाहरू आफ्नो प्राणको आहुति दिएर पनि आफ्नो घरपरिवारलाई सुखी जीवन दिन सकिन्छ भन्ने आशा र विश्वासका साथ रूसी सेनामा भर्ना भइरहेका छन् । नेपाली युवाहरूलाई रूसी सेनामा आकर्षक तलब सुविधा तोकिएको छ । पछिल्लो समयमा नेपाली विद्यार्थीहरू अध्ययनको सिलसिलामा बाहिरिने क्रम बढेको छ । अमेरिका, युरोप, अस्ट्रेलिया, क्यानडालगायतका देशहरूमा अध्ययन भिसामा जानेहरूको सङ्ख्या पनि दिनानुदिन बढिरहेको छ। अध्ययनका साथै काम पनि गर्न पाइने र वैधानिक तथा अवैधानिक तरीकाबाट विदेशमा रोजगार र बसोबास गर्नेहरूको सङ्ख्या पनि बढिरहेको छ । अध्ययनका लागि विदेशिने र अध्ययन पूरा भएपछि नफर्कनेहरूको तथ्याङ्क हेर्ने हो भने यो कुराको पुष्टि हुन्छ। नेपालमा बसेर पढ्दा छात्रवृत्तिको आशा राख्नेहरू अमेरिका, युरोप, अस्ट्रेलिया, क्यानडालगायतका देशहरूमा लाखौं खर्चेर कसरी पढिरहेका छन् भन्ने कुरा सरकारलाई थाहा नभएको होइन ।**

**तर स्वदेशमा रोजगार दिन नसकेको लाचार सरकार विदेश पठाएर उनीहरूको कमाइबाट आउने विप्रेषणले देशको आर्थिक अवस्थामा सुधारको आशा देखेर चुप बसेको छ । देशको यो परिस्थितिमा स्वदेशमा गाउँघरमा रोजगारका विभिन्न अवसरहरू पहिल्याएर युवाहरूलाई वैदेशिक रोजगारमा नजाऊ भन्ने सन्देश प्रवाह गर्नेहरू पनि छन् । पर्साको ठोरी गापाका पाँचजना युवाले आफूहरू विभिन्न पेशामा संलग्न रहेर पनि आफ्नै गाउँमा संयुक्त उखुखेती गरेर कृषि कर्मबाट पनि आम्दानी गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गरेका छन्। पर्सागढीमा पनि एकजना युवाले पशुपालन गरेका छन् । यस्ता अनेक उदाहरणहरू छन् र अवसरहरू पनि तर पनि विदेशिने क्रम भने रोकिएको छैन ?**

# लोकतन्त्रको बाटोबाट अल्मलिएको अवस्था

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com


**आर्थिक लोकतन्त्र स्थापना गर्न सार्वजनिक स्वामित्व, नियन्त्रण र विकेन्द्रीकरण आवश्यक छ । आर्थिक लोकतन्त्रका विज्ञहरू स्थानीय अर्थतन्त्र र थप आत्मनिर्भरताको वकालत गर्छन् । यसका लागि क्रेडिट युनियन, गैर–लाभकारी संस्था, र श्रमिक सहकारी स्थापना गर्नुपर्ने हुन्छ ।**

लोकतन्त्र उच्च मानव पूँजी सञ्चय, कम मुद्रास्फीति, कम राजनीतिक अस्थिरता र उच्च आर्थिक स्वतन्त्रतासँग सम्बन्धित छ। लोकतन्त्र, शिक्षाको स्तर, आर्थिक विकासका स्रोतहरू र शैक्षिक संस्थाहरूको सुधार र स्वास्थ्य सेवासँग घनिष्ठरूपमा जोडिएको छ ।

आर्थिक असमानतालाई छिचोल्दै जानु लोकतन्त्रको मुख्य उद्देश्य हुनुपर्छ, नत्र त्यो लोकतन्त्र नभएर सुकिला–मुकिलाको शासन पद्धतिबाहेक केही हुने छैन। आर्थिक लोकतन्त्र भनेर चिनिने सामाजिक–आर्थिक सिद्धान्तले समाजका सबैलाई अर्थतन्त्रमा सहभागी हुन प्रोत्साहन गर्छ।

नेपालले लोकतन्त्रलाई कहिल्यै सदुपयोग गर्न सकेन। विकास भन्नासाथ सधैं बन्न पुग्यो, संरचना निर्माण। त्यसमा पनि मुख्य लगानी बाटो र पुल निर्माणमा केन्द्रित रहेको देखिन्छ। गाउँपालिका र नगरपालिका भवन निर्माणहरूले पनि उच्च प्राथमिकता पाएको पाइन्छ। यस्तै देखिन्छ विद्यालय, महाविद्यालयदेखि स्वास्थ्यचौकी र उपस्वास्थ्य चौकी निर्माण पनि । सँगसँगै सिमसार क्षेत्र संरक्षण, जलाधार क्षेत्र संरक्षण, ताल, पाटी–पौवाहरूको संरक्षण र संवर्द्धन, मन्दिर, गुम्बा, मदरसाहरूको संरक्षण संवर्द्धनमा पनि केही काम भएका छन् ।

खानेपानी, सरकारी सेवा विस्तार तथा सञ्चारका क्षेत्रमा पनि काम भएको र भइरहेको पनि लाग्छ । अरू नगरेर भए पनि गर्नैपर्ने थियो शिक्षा, स्वास्थ्य र उत्पादनको प्रवर्द्धन। तर दुर्भाग्य ! यी क्षेत्रहरू नै बन्न सकेनन् प्राथमिकताका विषय । शिक्षा चलाउन सकेको भए, अझ त्यसलाई नेपाली माटो र परम्परालाई जीवन्तता दिँदै आधुनिक ज्ञान–विज्ञानलाई आत्मसात् गर्ने शिक्षा हो चाहिएको। सुधार र परिमार्जन गर्ने नाउँमा मात्र पश्चिमा परम्पराको अन्धानुकरण गरियो। यसले शिक्षालाई माथि उठाउने र माटोलाई अझ सबल र सशक्त तुल्याउनेभन्दा कमजोर र निरीह तुल्याउने काम गऱ्यो र गरिरहेछ । कमजोर पाठ्यक्रम, परीक्षा नीति, अक्षराङ्कन पद्धति, उत्तरपुस्तिका परीक्षण र नतीजा प्रकाशनको प्रक्रिया, प्रकाशन गर्न लाग्ने लामो समयावधि, विभिन्न प्रकृतिका शिक्षक र अपवादबाहेक उनीहरूमा सेवा, समर्पण र त्यागको भावना जगाउन सकेको, ज्ञान र त्यसको व्यावहारिक प्रयोगभन्दा परीक्षामुखी पठनपाठन आदि कारणले शिक्षाको स्तर उकासिन सकेको देखिन्न। अन्य विषयभन्दा अङ्ग्रेजी भाषाप्रतिको मोह कम गर्ने र राष्ट्रभाषा र राष्ट्रिय संस्कृति, माटो र आदर्शमाथि अगाध आस्था जगाउनेभन्दा पनि विदेश जाने, उतै बस्ने र उतैको संस्कृति अवलम्बन गर्ने चाहना पैदा गर्नु पनि मुख्य हो ।

स्वास्थ्य क्षेत्रमा धेरै काम भएको छ। अस्पताल, स्वास्थ्यचौकी, उपचौकी आदि निर्माण गर्नेदेखि त्यसमा जनशक्ति व्यवस्थापन गर्ने र साधनस्रोत खरीद गर्नेसम्मका कामहरू पनि नभएका होइनन्, । उपचारका क्रममा साना–ठूला रोगहरूमा बिरामीलाई छुट दिने निर्णय र त्यसको कार्यान्वयन गर्ने काम पनि नभएको होइन । तर, उच्चस्तरको साधनस्रोतको व्यवस्थापनसँगै सुदूर पश्चिमी पहाड र पूर्वका इलाकाहरूमा मेडिकल कलेज खोल्नेदेखि आफ्ना देशका नागरिकलाई निश्शुल्क स्वास्थ्यसेवा दिनेसम्मका काम भएनन् । दिइने भनिएका सहुलियत पहुँच हुनेहरूलाई मात्र प्राप्त भयो। आफैं आवाज उठाउन नसक्ने र आवाज उठाइदिने मान्छे पनि नभएको सर्वसाधारण सधैं वञ्चित रहँदै आयो । अर्थात् काम त भएको छ तर सबैमा माफियाहरूको कब्जा छ। एउटै व्यक्ति संसद् सदस्य, उसैको सहकारी, अस्पताल र ठूला मिडिया हाउस तिनै माफियाहरूको कब्जामा छ ।

लोकतन्त्र आएको यतिका वर्षपछि पनि राज्यले पद्धतिबाटै स्वास्थ्य समस्या समाधान हुने वातावरण बनाउन सक्थ्यो। त्यसमा नराम्ररी चुकेको छ राज्य। बोल्नै नपर्ने र कुनै अनुनय विनय नगरीकनै राज्यले त्यस्तो व्यवस्था गर्न सकेको भए आज राज्यमात्र नभई व्यवस्थासमेत शक्तिशाली बन्थ्यो । मुख्यतः पहिले काङ्ग्रेस,–एमाले र पछि काङ्ग्रेस, एमाले–माओवादीहरूको त्रिकोणात्मक परस्परीय शत्रुतापूर्ण व्यवहारले गर्दा अझ दलभित्र पैदा भएका गुटहरूले नै सारा संसार चौपट भएको देखिन्छ ।

त्योभन्दा पनि राज्यले उत्पादनको द्वार नै बन्द गरिदियो। पञ्चायतकालका ससाना खोलिएका द्वारहरू पनि कहिल्यै नखोलिने गरी टालिदियो । लोकतन्त्र स्थापनासँगै भारतले उत्पादनलाई पहिलो प्राथमिकताको सूचीमा राख्यो र ऊ आज विश्वलाई खाद्यान्नदेखि जहाज निर्यात गर्नेसम्मको हैसियतमा पुग्यो। चीन पनि ५०/६० वर्षको अन्तरालमा आर्थिक तथा सामरिक दृष्टिले विश्वकै शक्तिशाली मुलुकमा परिणत भयो। नेपाल विकसित नभए पनि, विकासोन्मुखताको श्रेणीमा पक्कै चढ्थ्यो र कम्तीमा पनि देशलाई चाहिने न्यूनतम आधारभूत चीजहरू प्राप्त हुन्थ्यो । मुलुक त्यसै पनि प्राकृतिक, सांस्कृतिक तथा सामाजिक दृष्टिले सम्पन्न छँदै थियो। त्यसको उचित व्यवस्थापन गर्न मात्र सकेको भए पनि देश समृद्धिको गन्तव्यमा हिंडिरहेको हुनथ्यो ।

जे होस् प्रकृति, संस्कृति र समाजका विविधतालाई क्यासमा रूपान्तरण गर्न सकेन, त्यो दुर्भाग्यको विषय बन्न पुगेको छ नेपाल र नेपाली जनताका निम्ति । यसलाई रुपियाँमा रूपान्तरण गर्न सकेको भए नेपाली युवाहरू पढाइ र कामको बहानामा विदेशिनुपर्ने थिएन । अझ डिभीका निम्ति लाइन लाग्ने थिएन। न त खाडीमा गएर आफ्नो मुटु, कलेजो र मिर्गौला बिगार्ने यो दुःखद स्थिति नै आउने थियो । न कफनमा सिलबन्दी भएर फर्कनुपर्ने स्थिति आउँथ्यो ।

हुन पनि कृषिमा आधारित मजबूत अर्थतन्त्र भएको नेपाल कुनै बेला खाद्यान्न निर्यात गर्ने देशका रूपमा परिचित थियो। आफूलाई पर्याप्त राखेर बाँकी अन्न बेचिरहेको मुलुक जब तिनै कृषक निर्यात गर्न थाल्यो तब मुलुक भोकभोकै मर्नुपर्ने अवस्था आयो। भारतले गहुँ नदिंदा मुलुक आतङ्कित हुन्छ, हुनसम्मको पीर बोकेर। मानौं आफू उभिएका घरको छत खसेर किचिएर मर्नै लागेको, अगाडि गोमन साँपले डस्नै लागेको वा बाघले झम्टिनै लागेको स्थिति जत्तिकै देखिन थालेको छ। चिनी नदिनेभन्दा उस्तै आतङ्क पैदा भयो । प्याज, आलु, दाल, तरकारी, चामल नदिने हो भने नेपाल भोकै बन्ने स्थिति देखिएको छ।

जग्गा बाँझो छ । मान्छे आफू बसिरहेको थातथलो छोडेर शहर केन्द्रित हुन थाल्यो । सुविधाका लागि उत्प्रेरित मान्छे त्यसैका निम्ति दौडिरहेको छ । अझ पैसाले नै सबै मिल्छ भन्ने मानसिकता विकसित गरियो । खेतीपाती गर्दा तल परिन्छ, खेतीपाती गरेर आफैंले उत्पादन गरेको खान सके स्वस्थ भइने र परिवारजन पनि स्वस्थ हुने तथ्यलाई सरकारले बुझाउन सकेन। फलतः धेरै मान्छेले लागत र उत्पादनका बीच नाफा, घाटाबारे अध्ययन तथा विश्लेषण गरेपश्चात् खेती गर्दा घाटा हुने भन्दै खेती गर्न छाडिदिए । बरु भारतीय गुणस्तरहीन तथा विषादियुक्त उत्पादन खाने तर आफैंले उत्पादन गरेर स्वस्थकर चीज खानमा घाटा देखे।

भारतका सफल तथा चर्चित अभिनेता अमिताभ बच्चन स्वयं उत्पादन गरेको मात्र उपभोग गर्दछन्। अर्ग्यानिक मलको उपयोग गरेर उत्पादन गर्छन् र स्वस्थकर खाने वस्तुमा विश्वास गर्छन्। र, त्यस्तै वस्तुमात्र उपभोग गर्ने भएकैले पनि हुन सक्छ उनी ८० वर्षभन्दा उँभो लागिरहँदा पनि स्वस्थ छन् र प्रमुख भूमिकामा देखिंदै आएका छन्। त्यस्तो तन्दुरूस्तीको रहस्य उनले दैनिक उपभोग गर्ने खाद्य पदार्थ भएकोमा धेरै शङ्का गरिरहनुपर्दैन पनि।

यसैले मान्छेलाई गुणस्तरहीन धेरै उत्पादन गर्नुभन्दा गुणस्तरयुक्त खाद्य पदार्थ उत्पादन गरी उपभोग गर्न प्रेरित गर्नुपर्छ । तरकारी, मौसमी फलफूल, गेंडागुडी, दूध, कोदो, धान, फापरजस्ता वस्तु आफैंले उत्पादन गर्दा त्यो सुस्वादु हुनुका साथै पौष्टिक पनि हुन्छ । रोग प्रतिरोध क्षमता अभिवृद्धि गर्नुका साथै रोग लाग्नै नदिने, लागिहाले निको पार्न सक्ने गुण हुन्छ। यससँगै चामल बोरामा होइन, दूध प्याकेटमा होइन, तरकारी, टमाटर आदि क्यारेटमा होइन, बारीमा फल्छ र फलाइन्छ भन्ने आफ्ना सन्तानलाई देखाउन, सिकाउन र लगाउन उत्प्रेरित गर्नुपर्छ ।

यस्तै, नेपालीले उपयोग गर्ने जुत्ता, चप्पल, कपडा, निर्माण सामग्रीहरू पनि नेपालमैं उत्पादन गर्ने उद्योग स्थापनामा जोड दिनु जरूरी थियो र छ। खानी उत्खनन गर्ने, प्रशोधन गर्ने र विश्व–बजारमा पुऱ्याउने कार्यमा ध्यान जानु आवश्यक छ। हिमाली निर्मल जललाई पेय जलका रूपमा विश्व बजारसम्म पुऱ्याउन, जलविद्युत्का सम्भावनाहरूलाई निस्स्वार्थभावले बजारीकरण गर्न तथा पस्मिनाजस्तै गार्मेन्ट उत्पादक उद्योगहरूलाई पनि प्रोत्साहित गर्न तथा नेपालीलाई चाहिने आवश्यक तरकारीसँग जोडिएका मसला, जडीबुटी आदि पनि प्राथमिकतामा राख्न सक्नुपर्थ्यो। चिया, कफी, अलैंची, अदुवाजस्ता वस्तुको अर्ग्यानिक उत्पादन गर्न पनि ध्यान जानु नितान्त आवश्यक थियो।

उखु उत्पादक किसानलाई त उद्योग र राज्य मिलेर चितामा चढाइनै दिएको देखिन्छ। उनीहरूले उखु मासेर अरू नै खेती गर्न विवश हुनु, सनपाट, केराखेती गर्ने किसानहरू पनि पछुताउने स्थितिमा पुग्नु उदेकलाग्दो अवस्था हो। तर राज्यले दैनिक जीवनसँगै जोडिएका उत्पादनलाई प्रोत्साहित गर्न र प्रवर्द्धन गर्न सकेको देखिन्न । फलतः राज्य असफलताको ओरालो मार्गतिर ढल्कँदै गएको छ । राज्यले यसमाथि बेलैमा ध्यान दिनु जरूरी छ, तब मात्र लोकतन्त्र फस्टाउँछ, राज्य सबल र जनता मजबूत बन्छ।

जबसम्म आर्थिक लोकतन्त्रको अनुसरण गरिंदैन, देश उभो लाग्दैन । आर्थिक लोकतन्त्र स्थापना गर्न सार्वजनिक स्वामित्व, नियन्त्रण र विकेन्द्रीकरण आवश्यक छ । आधुनिक आर्थिक लोकतन्त्रका विज्ञहरू स्थानीय अर्थतन्त्र र थप आत्मनिर्भरताको वकालत गर्छन्। यसका लागि क्रेडिट युनियन, गैर–लाभकारी संस्था, र श्रमिक सहकारी स्थापना गर्नुपर्ने हुन्छ।

# बजार मागमा अपेक्षित सुधार हुन सकेन : सिएनआइ

काठमाडौं, १६ पुस/रासस

निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग परिसङ्घ (सिएनआई)को एक अध्ययनले बजार मागमा सुधार हुन नसकेको देखाएको छ । पछिल्लो समय अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक हुँदै गएका र बजार चलायमान हुन थालेको सरकारले बताइरहेका बेला सिएनआई यो अध्ययन सार्वजनिक भएको हो ।

उपभोक्ता बजार मागमा देखिएको सङ्कुचनमा अपेक्षित सुधार हुन नसकेको परिसङ्घको अध्ययनले देखाएको हो । परिसङ्घले उद्योग–व्यवसाय स्तरमा गरेको सर्वेक्षण अनुसार समग्र बजार माग खस्किएको, कच्चा पदार्थको मूल्य निरन्तर उकालो लागिरहेको र उद्योगको कच्चा पदार्थको आयातमा गिरावट आएको देखिएको हो। विगत तीन आर्थिक वर्षको पहिलो त्रैमासको तुलनात्मक अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको परिसङ्घले जनाएको छ। आज यहाँ एक औपचारिक कार्यक्रमका बीच अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको हो । अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्रको प्रतिकूल अवस्थाका कारण गत वर्षदेखि नै उद्योगी–व्यवसायीको मनोबल कमजोर बनिरहेकोमा यस वर्ष पनि यथावत् रहेको बताए ।

सर्वेक्षण अनुसार औद्योगिक उत्पादनको समग्र बजार मागमा अघिल्लो वर्ष २८ दशमलव २८ प्रतिशतले ह्रास आएको थियो । यो चालू आवको सोही अवधिमा थप १२ दशमलव ०६ प्रतिशतले घटेको देखिएको छ। गत वर्षको तुलनामा चालू आर्थिक वर्षमा उद्योगहरूको समग्र मागमा ३६ दशमलव ९३ प्रतिशतले सङ्कुचन आएको अध्ययनबाट देखिएको छ । उद्योगको कारोबार रकम गत आवको पहिलो त्रैमासमा २४ दशमलव ९४ प्रतिशतले घटेकोमा चालू आवको समान अवधिमा सात दशमलव ४६ प्रतिशतले घटेको देखिन्छ । अघिल्लो आवको तुलनामा यो ३० दशमलव ५४ प्रतिशतको सङ्कुचन हो ।

सर्वेक्षण अनुसार अघिल्लो आर्थिक वर्षमा ६९ दशमलव ४४ प्रतिशत उद्योगी–व्यवसायीले आफ्नो लगानीका योजना स्थगित गरेको जनाएका थिए भने चालू आवको पहिलो त्रैमासमा ५५ दशमलव ३२ प्रतिशत उद्योगी–व्यवसायीले आफ्ना लगानीका योजना स्थगित गरेको जनाएका छन् । यसबाट सरकारले दाबी गरे अनुसार अर्थतन्त्रको अवस्थामा सुधार नआएको परिसङ्घको बुझाइ छ ।

परिसङ्घको अध्ययन अनुसार सिमेन्ट उत्पादक उद्योगको समग्र मागमा अघिल्लो वर्षको पहिलो तीन महीनाको तुलनामा चालू आवको सोही अवधिमा सात दशमलव ३६ प्रतिशतको सङ्कुचन आएको छ । पछिल्लो तीन वर्षमा सिमेन्टको समग्र मागमा ४४ दशमलव ५७ प्रतिशतले गिरावट आएको अध्ययनबाट देखिन्छ ।

सर्वेक्षण अनुसार निर्माण व्यवसाय क्षेत्रमा गत वर्षको तुलनामा यस वर्ष १६ दशमलव २० प्रतिशतको गिरावट देखिएको छ । आव २०७८/७९ को तुलनामा चालू आव २०८०/८१ मा यस

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# डेडिकेटेड र ट्रङ्क लाइन विवादः प्रशासकीय पुनरवलोकनमा जानु उत्तम विकल्प

रमेश लम्साल/रासस
काठमाडौं, १६ पुस/

विगतमा चरम लोडसेडिङ रहेको अवस्थामा डेडिकेटेड र ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेका उद्योगी र नेपाल विद्युत् प्राधिकरणबीच देखिएको महसुलसम्बन्धी विवाद समाधानका लागि प्रशासकीय पुनरवलोकनमा जानु उत्तम विकल्प हुने देखिएको छ । यसका लागि प्राधिकरणमा छुट बिलिङको २५ प्रतिशत रकम धरौटी राख्नुपर्नेछ ।

प्राधिकरणले छुट बिलिङ भन्दै डेडिकेटेड र ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेका औद्योगिक ग्राहकलाई पत्राचार गरेपछि त्यसविरुद्ध उद्योगीहरू अदालत गएका थिए । अदालतले प्राधिकरणको विद्युत् महसुल सङ्कलन विनियमावली र विद्युत् वितरण विनियमावलीमा बिलिङलगायत नियमावली बमोजिम भए गरेका काम कारबाई तथा निर्णय उपर चित्त नबुझे सोही नियममा उल्लिखित प्रक्रिया अवलम्बन गरी पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न पाउने कानूनी व्यवस्था रहेको ठहर गरेको थियो ।

साथै, अदालतले कानूनले प्रदान गरेको वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी सोझै रिट क्षेत्राधिकारको माध्यमबाट अदालत प्रवेश गरेको देखिएको भन्दै रिट निवेदन खारेज गरिदिएको थियो । सो समयमा उद्योगी व्यवसायीले विभिन्न तहका अदालतमा ४५ वटा मुद्दा दायर गरेका थिए । तीमध्ये अधिकांश मुद्दा प्राधिकरणको पक्षमा फैसला भएको थियो । फैसलामा प्राधिकरणको पुनरवलोकन समितिमा गएर वैधानिक उपाय अवलम्बन गर्न सुझाइएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गत बिहीवार पत्रकार सम्मेलन गरी अदालतको फैसलाबमोजिम उद्योगीलाई प्रशासकीय पुनरवलोकन जान सक्ने विकल्प दिएका थिए । उनले सो अवसरमा विगतमा छुट बिलिङको निर्णय उपर पुनरवलोकनको निवेदन दायर गर्ने ग्राहकले छुट बिलिङबापतको शतप्रतिशत धरौटी राख्नुपर्ने व्यवस्थालाई संशोधन गरी २५ प्रतिशत रकम धरौटीस्वरूप जम्मा गर्नुपर्ने व्यवस्था गरिएको जानकारी गराएका थिए ।

प्रशासकीय पुनरवलोकन समितिमा प्राधिकरण सञ्चालक समितिले तोकेको सञ्चालक–अध्यक्ष, मुख्य प्रशासकीय अधिकृत वा निजले तोकेको उपकार्यकारी निर्देशक/महाप्रबन्धक, सदस्य, ऊर्जा, सिंचाइ तथा जलस्रोत मन्त्रालय वा विद्युत् विकास विभागका एकजना विशेषज्ञ–सदस्य र प्राधिकरणको कानून विभागको निर्देशक/सदस्यसचिवको रूपमा रहने व्यवस्था छ ।

प्राधिकरणको विद्युत् वितरण विनियमावली बमोजिम भएको कुनै कारबाई तथा निर्णय उपर चित्त नबुझे सूचना प्राप्त भएको मितिले ३० दिनभित्र स्थानीय कार्यालयमार्फत वा सोझै विनियम ५६ बमोजिम गठित प्रशासकीय पुनरवलोकन समिति समक्ष निवेदन गर्न सक्ने व्यवस्था छ ।

प्राधिकरणबाट छुट बिलिङ सम्बन्धमा गरिएको निर्णय उपर पुनरवलोकनको निवेदन दायर गर्ने ग्राहकले छुट बिलिङबापतको २५ प्रतिशत रकम धरौटीस्वरूप जम्मा गर्नुपर्नेछ । प्रशासकीय पुनरवलोकन उपर पुनरवलोकन समितिले ३५ दिनभित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ । समितिले गर्ने निर्णयबाट उद्योगहरूलाई धेरै विकल्प खुला हुने प्राधिकरणको बुझाइ छ ।

समितिले छुट बिलिङका विषयमा गर्ने निर्णयले धेरै विकल्प खुला गर्ने प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको भनाइ छ । उनका अनुसार समितिले छुट बिलिङ असुल नगर्ने पनि निर्णय दिन सक्छ वा तिर्नुपर्ने पनि भन्न सक्छ । समितिको निर्णयमा चित्त नबुझे त्यसपछि व्यवसायी वा उद्योगी माथिल्लो अदालतमा जान सक्ने व्यवस्था छ । अहिले विवाद गर्नुभन्दा अदालतको फैसला अनुसार पुनरवलोकनमा जानु उपयुक्त विकल्प भएको प्राधिकरणको ठहर छ । धरौटी रकम जम्मा गर्ने वा बैंक जमानत स्वीकार गर्ने भन्ने निर्णय गर्न आफू तयार रहेको प्राधिकरणको भनाइ छ । धरौटी रकम जम्मा गरेपछि अहिले काटिएको लाइन जोड्ने वातावरण बन्न सक्ने देखिएको छ ।

उच्च अदालत पाटनले गरेको फैसलामा विद्युत् महसूल सङ्कलन नियमावलीमा उल्लिखित व्यवस्था विपक्षी प्राधिकरणको निर्णय एवं काम कारबाईमा चित्त नबुझे सोविरुद्ध कानूनी उपचारका रूपमा राखिएको देखिंदा सो समितिले नै निवेदकले के कति विद्युत् शक्ति खपत गरेको हो ? निवेदनकलाई के कुन दरको के कति शुल्क लाग्ने हो भन्नेलगायत निवेदकले उठाएका सबै प्रश्नहरूको निरूपण गर्न सक्ने अवस्था विद्यमान रहेको उल्लेख छ ।

अदालतले महसूल सङ्कलन विनियमावलीले ग्राहकलाई बिलिङ गर्दा कुनै कारणवश छुट भएमा सोको जानकारी दिनुपर्नेछ । जुनसकै समयमा पनि विद्युत् उपभोग गरेको छुटबापतको छुटै बिलिङ गरिने छ भन्ने व्यवस्था देखिंदा कुनै कारणले बिलिङ छुट हुन गएमा प्राधिकरणले यथासमय बिलिङ गर्न नपाउने भन्ने देखिन आएन भन्ने ठहर गरेको थियो ।

साथै, प्राधिकरणले यथासमय बिलिङ नगरेकै कारण मुलुकभर लोडसेडिङ कायम रहेको अवस्थामा निवेदक आयोगलाई उपलब्ध गराएको विशेष विद्युत् आपूर्तिबापत विनियमावली बमोजिम तिर्न बुझाउनुपर्ने महसुल दायित्वबाट निवेदक कम्पनीले उन्मुक्ति पाउन सक्ने आधार र अवस्था देखिन नआएको अदालतले फैसला गरेको थियो ।

उच्च अदालतले महसूल ट्रङ्क लाइन वा डेडिकेटेड फिडर संरचनामा लाग्ने नभई सो संरचनामार्फत खपत भएको ऊर्जामा लाग्ने भएकोले आफूले खपत गरेको ऊर्जाबापत नियमनले निर्धारण गरेको दरमा तिर्नुपर्ने महसूल प्रक्रिया पूरा नगरेको आधारमा निवेदक कम्पनीको हकमा आकर्षित नहुने भन्ने ठहर गरेको थियो ।

डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनतर्फका जम्मा २३९ मध्ये १७८ उपभोक्ताले डेडिकेटेड र ट्रङ्क लाइन बापतको विद्युत् महसूल समयमै भुक्तानी गरिसकेका छन् । डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत् सेवा उपभोग गरेका कुल ६१ उपभोक्ताको २०८० मङ्सिर मसान्तसम्म कुल बक्यौता रकम रु २२ अर्ब २४ करोड छ । प्राधिकरणले रु पाँच करोडभन्दा बढी बक्यौता रहेका २३ वटा उद्योगको लाइन काटेको छ ।

यसबीच उद्योगी–व्यवसायीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग भेटवार्ता गरी समस्या समाधान गरिदिन पुनः आग्रह गरेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले समस्या समाधानका लागि उच्चस्तरीय आयोग गठन गर्न सार्वजनिकरूपमै माग गरेका छन् । लाइन काटिएका उद्योगीका तर्फबाट महासङ्घका पूर्वअध्यक्ष पशुपति मुरारकाले प्राधिकरणले आफूहरूले प्रयोग गरेको बिजुलीको विवरण दिए महसूल तिर्न तयार रहेको शनिवार आयोजित एक कार्यक्रममा सार्वजनिक गरेका छन् ।

त्यस अघि नै अर्घाखाँची सिमेन्टले पुनरवलोकनका लागि अनुरोध गरेको जनाएको छ । पुनरवलोकनका लागि आवेदन दिएपनि धरौटी रकम नराखेका कारण थप प्रक्रिया अगाडि नबढेको प्राधिकरणको भनाइ छ । प्राधिकरणले सबैभन्दा बढी महसूल तिर्नुपर्ने उद्योगहरूको लाइन धमाधम काटिरहेको छ । सङ्घीय संसद्को सार्वजनिक लेखा समिति, राज्य व्यवस्था समितिले तत्काल महसूल उठाउन प्राधिकरणलाई निर्देशन दिएको थियो । महालेखापरीक्षकको कार्यालयले नउठेको रकम बेरुजुमा राखेर तत्काल उठाउन निर्देशन दिएको थियो ।

पछिल्लोपटक प्रधानमन्त्री दाहालले ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री, शक्तिबहादुर बस्नेत, ऊर्जा मन्त्रालयका सचिव, प्राधिकरणका कार्यकारी निर्देशक, विद्युत् नियमन आयोगका अध्यक्षसहितका पदाधिकारीसँग पटक–पटक समस्या समाधानका लागि छलफल गरेका छन् ।

नियमन आयोगलाई आवश्यक निर्णय गरिदिन अनुरोध गरिएको छ । नियमन आयोगले यस विषयमा कुनै निर्णय नगरिदिंदा समस्या तन्कँदै गएको बताइन्छ । कानूनतः महसूल लगाउने, छुट दिने वा त्यसबारे आवश्यक निर्णय गर्ने अधिकार आयोगलाई छ । आयोगले आफूहरूले निर्णय गर्ने आधार नभएको भन्दै समस्या समाधानमा कुनै पहल गरेको छैन ।

ऊर्जामन्त्री बस्नेतले पनि यस विषयमा आवश्यक पहल गरेपनि सार्थक परिणाम निस्केको छैन । मन्त्री बस्नेतले पनि पटक–पटक आयोगका पदाधिकारी र प्राधिकरणसँग छलफल गरेका छन् । आयोगलाई कुनै न कुनै निर्णय गरिदिन आग्रह गरेपनि कुनै जवाफ आउन सकेको छैन । "समस्या समाधानका लागि प्रधानमन्त्री र मन्त्रालयका तर्फबाट आवश्यक पहल भएको छ । निर्णय गर्ने निकायले कुनै निर्णय नदिंदा समस्या समाधान हुन सकेको छैन । कुनै न कुनै उपाय खोज्ने प्रयास जारी छ"–मन्त्री बस्नेतको भनाइ छ ।

तत्कालीन ऊर्जा सचिव दिनेशकुमार घिमिरे नेतृत्वको कार्यदलले पनि महसूलका सम्बन्धमा विभिन्न तीनवटा उपाय सुझाएको थियो । आयोगले निर्णय गर्नुभन्दा पहिले र लोडसेडिङ अन्त्य भएपछिको समयबारे एउटा व्यवस्था गर्न र बीचको अवधिको भने पूर्णरूपमा महसूल उठाउन घिमिरे नेतृत्वको कार्यदलले सुझाव दिएको छ ।

समितिको प्रतिवेदनलाई मन्त्रिपरिषद्ले स्वीकृत गरी कार्यान्वयनका लागि ऊर्जा मन्त्रालय पठाएको थियो । सरकारले कोरोनालगायत कारण देखाएर व्यवसायीलाई छुट दिँदै आएको थियो । चौतर्फी दबाबमा परेपछि प्राधिकरणले एउटा निर्णय गर्नैपर्ने अवस्थामा पुगेपछि लाइन काट्न बाध्य भएको जनाएको छ । त्यसो त उद्योगीले के कति बिजुली प्रयोग गरे भन्नेबारे आवश्यक विवरण र तथ्याङ्क पनि सुरक्षित रहेको प्राधिकरणको भनाइ छ ।

# खाजा कटौती, वार्षिक रु ६० लाख जोगिने

काठमाडौं, १६ पुस/रासस

राज्यका सम्पूर्ण संरचनामा सुधारको घोषणा गरेको सरकारले आजदेखि मन्त्रिपरिषद् बैठकको खाजा खर्च कटौती गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आज बिहान सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा ससाना विषयबाट सुधारको थालनी गर्नुपर्ने भन्दै बैठकको खाजा कटौती गरिएको जानकारी गराएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

खाजाबापत प्रत्येक मन्त्रिपरिषद् बैठकमा करीब रु ६० हजार खर्च हुने गरेको प्रधानमन्त्री कार्यालयले जनाएको छ । वर्षमा एक सयभन्दा बढी मन्त्रिपरिषद् बैठक हुने गरेका छन् । मन्त्रिपरिषद् बैठकको खाजा कटौती भएसँगै वार्षिक करीब रु ६० लाख जोगिएको प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए । मन्त्रिपरिषद् बैठकमा सामान्य खाजा खुवाउन शुरू गरिएको छ ।

सुशासन र सुधारमा ससाना विषय पनि महत्त्वपूर्ण मानिने भएकोले प्रधानमन्त्री दाहालले आफ्नै कार्यालयबाट सुधारको थालनी गरेको उनको भनाइ छ । सुशासन र सुधारका कार्यलाई निरन्तर अगाडि बढाइने उनले बताए ।

सरकारको कार्यशैली बदल्ने घोषणा गरेका प्रधानमन्त्री दाहाल सार्वजनिक बिदाका दिनबाहेक दैनिक १० बजे सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय पुग्ने गरेका छन् । प्रधानमन्त्री सिंहदरबारबाट दैनिक विभिन्न मन्त्रालयका 'ब्रिफिङ' लिने, राष्ट्रिय गौरवलगायत आयोजनामा देखिएका समस्या समाधानका लागि पहल लिँदै आएका छन् ।

यसैबीच, नेपाल संवत्लाई सम्पूर्ण सरकारी दस्तावेजमा उल्लेख गर्ने सरकारको निर्णय कार्यान्वयनमा आएको छ । विभिन्न अवसरमा प्रधानमन्त्री दाहालले शुभकामना सन्देशमा नेपाल संवत्को मिति उल्लेख गर्न थालिएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए ।

# बालकुमारी घटनाको छानबीन गर्न आयोग गठन

काठमाडौं, १६ पुस/रासस

सरकारले गत शुक्रवार ललितपुरको बालकुमारीमा मानवीय तथा भौतिक क्षति हुनेगरी भएको घटनाको निष्पक्ष र वस्तुगत छानबीन गर्न आयोग गठन गरेको छ । उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको हो ।

सिंहदरबारमा सोमवार बसेको मन्त्रिपरिषद् बैठकले पूर्वन्यायाधीश पौडेलको अध्यक्षतामा पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक अरूण विसी र गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई सदस्य रहेको आयोग गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

आयोगलाई उक्त घटनामा भएको मानवीय तथा भौतिक क्षतिको अध्ययन तथा विश्लेषण गर्ने, उक्त घटनाको कारण र त्यस स्थानमा गरिएको सुरक्षा प्रबन्ध तथा सुरक्षा योजनाको अध्ययन गरी कमीकमजोरी पहिचान गर्ने कार्यादेश दिइएको छ । आयोगले बालकुमारी घटनासँग सम्बन्धित व्यक्ति तथा पदाधिकारी एवं निकायको भूमिकाबारे अध्ययन गर्ने, दोषी देखिएकालाई कारबाईका लागि सिफारिश गर्ने र आगामी दिनमा यस प्रकारका घटना हुन नदिन आवश्यक सुझाव पेश गर्ने मन्त्री शर्माले बताइन् ।

आयोगलाई एक महीनाको समयावधि तोकिएको छ । आयोगले सुझावसहितको यथार्थता प्रस्तुत गर्ने र उक्त सुझावलाई सरकारले कार्यान्वयन गर्ने मन्त्री शर्माले जानकारी दिइन् । बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा शुक्रवार अछामको चौरपाटी गाउँपालिका–१ का वीरेन्द्र शाह र दैलेखको महाबु गाउँपालिका–६ का सुजन राउतको ज्यान गएको थियो ।

**पीडित पक्ष र सरकारबीच सहमति**

ललितपुरको बालकुमारीमा शुक्रवार भएको प्रदर्शनमा मृत्यु भएका व्यक्तिका परिवार र सरकारबीच चार बुँदे सहमति भएको छ । गृह मन्त्रालयमा आज भएको छलफलपछि सरकार र पीडित पक्षबीच मृतकका परिवारका एक/एक जना सदस्यलाई उपयुक्त खालको रोजगार यथाशीघ्र उपलब्ध गराउने सहमति भएको हो ।

दुई पक्षबीच सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त थप राहत उपलब्ध गराउनका लागि यथाशीघ्र आवश्यक सहजीकरण गर्ने, मृतकलाई शहीद घोषणाका लागि पहल गर्ने, मृतकका परिवारले आजै शव बुझिलिने र शव सम्बन्धित जिल्लामा पुऱ्याउन गृह मन्त्रालयले पहल गर्ने सहमति भएको छ ।

सो सहमतिमा सरकारका तर्फबाट गृह मन्त्रालयका उपसचिव उमाकान्त अधिकारी र मृतक परिवारका तर्फबाट टेकबहादुर शाह र टेकबहादुर कटुवालले हस्ताक्षर गरेका छन् ।

**बजार माग ...**

क्षेत्रको समग्र मागमा कुल ५२ दशमलव ५९ प्रतिशतले सङ्कुचन आएको पाइएको छ । निर्माण व्यवसाय क्षेत्रका उद्योगको कारोबार रकम अघिल्लो वर्ष ४३ दशमलव ७१ प्रतिशतले घटेकोमा चालू आवको सोही अवधिमा थप २० दशमलव ८० प्रतिशतले घटेको परिसङ्घले जनाएको छ ।

अघिल्लो वर्षको पहिलो त्रैमासमा साना तथा मझौला क्षेत्रको माग दुई दशमलव ५० प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा १७ दशमलव ७० प्रतिशतले गिरावट आएको देखिएको छ । यस क्षेत्रको समग्र मागमा अघिल्लो वर्षको तुलनामा १५ दशमलव ६४ ले सङ्कुचन आएको अध्ययनबाट देखिएको छ । यस क्षेत्रको कारोबार रकममा अघिल्लो वर्ष १२ दशमलव २५ प्रतिशतले बढेकोमा चालू आवको सोही अवधिमा १८ दशमलव ५० प्रतिशतले घटेको छ ।




**टोपी दिवसमा र्‍याली:** राष्ट्रिय ढाका टोपी दिवसको अवसरमा सोमवार बिहान विभिन्न सङ्घसंस्थाले बेंसीशहरमा आयोजना गरेको र्‍यालीमा सहभागीहरू । तस्विरः जनक श्रेष्ठ/रासस

# फाखेल–फर्पिङ सडकखण्ड दुई महिना बन्द

मकवानपुर, १६ पुस

फाखेल–फर्पिङ सडकखण्ड दुई महीनाका लागि बन्द गरिएको छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिका अन्तर्गत पर्ने कुलेखानी, हुमाने, फाखेल सडक र हुमाने मातातीर्थ हुँदै काठमाडौंको टेकु जोड्ने सडक निर्माण र स्तरोन्नति गरिने भएकाले सवारीसाधन सञ्चालन बन्द गरिएको हो ।

"आजदेखि आगामी फागुन १५ गतेसम्म फाखेल–फर्पिङ सडकखण्डमा सवारीसाधन आवागमन बन्द गरिएको छ," इन्द्रसरोवर गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईंले भने । वैकल्पिक यात्राका लागि हेटौंडा–भीमफेदी कुलेखानीबाट इन्द्रसरोवरको सिस्नेरी दक्षिणकाली तथा कुलेखानीको कलङ्की हुँदै मार्खु र चित्लाङको बाटो हुँदै काठमाडौंको थानकोट पुग्ने सडक प्रयोग गर्न उनले आग्रह गरे ।

सूचना अधिकारी चापागाईंका अनुसार वैकल्पिक यात्राका लागि काठमाडौंको चापागाउँ हुँदै कान्तिलोकपथबाट हेटौंडातर्फ आउने सडक प्रयोग गर्न सकिनेछ ।

# वरिष्ठ पत्रकार पोखरेलको निधन

काठमाडौं, १६ पुस

वरिष्ठ पत्रकार एवं राष्ट्रिय समाचार समितिका पूर्वनिमित्त महाप्रबन्धक गोकुलप्रसाद पोखरेलको ८७ वर्षको उमेरमा त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा सोमवार निधन भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य, नेपाल प्रेस इन्स्टिच्युट (एनपिआई)का संस्थापक महासचिव र दुई कार्यकाल अध्यक्ष भएका पोखरेल गोरखापत्र दैनिकका पूर्वसम्पादक र 'मुना' बाल मासिक (बालपत्रिका)का संस्थापक प्रधानसम्पादक पनि थिए । गोरखापत्र संस्थानको राष्ट्रिय पत्रकारिता पुरस्कार प्राप्त पोखरेल पछिल्लो समयमा फोक्सोसम्बन्धी समस्याबाट पीडित थिए । पत्रकारितामा स्नातकोत्तर र अङ्ग्रेजी साहित्यमा पनि दखल राख्ने पोखरेलले अस्पतालको शय्याबाटै काठमाडौं उपत्यकामा वातावरण प्रदूषण वृद्धि हुँदा चिन्ता व्यक्त गर्दै यसका लागि जनचेतना जगाउन जोड दिएका थिए । धनकुटाको कोचिणडेमा विसं १९९३ मा जन्मेका पोखरेल काठमाडौं बस्दै आएका थिए ।

# चुनावी वर्ष र लोकतन्त्रको बढ्दो सङ्कट

विचार



शङ्कर तिवारी

**सन् २०२४ को ध्यान अब गाजा र युक्रेनको युद्धभूमिभन्दा पर ७६ देशका मतपत्रहरूमा ज्यादा केन्द्रित हुनेछ । विशेषगरी अमेरिकाको निर्वाचन सर्वाधिक रुचि र चर्चाको विषय हुनेछ ।**

सन् २०२४ मा ७६ देशमा हुने निर्वाचनमा विश्वको आधाभन्दा धेरै जनसङ्ख्याले तिनीहरूको स्थानीय मेयरदेखि केन्द्रीय प्रतिनिधि अर्थात् राष्ट्रपति, प्रधानमन्त्री, चान्सलर चयन गर्ने निर्वाचन प्रक्रियामा भाग लिनेछन्। विश्व इतिहासमा बालिग मताधिकारको प्रचलन भएयता २०२४ सर्वाधिक ठूलो चुनावी वर्ष हुनेछ । यो वर्ष विश्वको कुल आठ अर्ब १० करोड जनसङ्ख्यामध्ये चार अर्ब २० करोड जनसङ्ख्या निर्वाचनमा सहभागी हुनेछन्।

सर्वाधिक जनसङ्ख्या भएका १० देशमध्ये आठ देश क्रमशः भारत, संयुक्तराज्य अमेरिका, इन्डोनेशिया, पाकिस्तान, ब्रजील, बङ्गलादेश, रूस र मेक्सिकोमा निर्वाचन हुनेछ । लोकतन्त्रसम्बन्धी अध्ययन गर्ने संस्था डेमोक्रेसी इन्डेक्सका अनुसार ७६ देशमध्ये ४३ देशमा मात्र स्वतन्त्र र निष्पक्ष निर्वाचन हुनेछ । युरोपियन युनियनमा आबद्ध २७ देशमा तुलनात्मकरूपमा चुनाव स्वतन्त्र र निष्पक्ष हुनेछ। अधिकांश निर्वाचनले यथास्थितिलाई नै बढावा दिनेछ । लोकतन्त्रको बढ्दो सङ्कटलाई अमेरिकाको घरेलु राजनीतिको प्रभावले विश्व राजनीतिमा पनि असर पार्ने अनुमान गरिएको छ । आखिरमा लोकतन्त्र भनेको आवधिक मत हाल्न पाउनु मात्रै त होइन।

सन् २०२४ को नोभेम्बरमा हुने अमेरिकाको चुनावलाई उमेरले ८० लागेका दुई वृद्धबीचको अलोकप्रियताको प्रतिस्पर्धाका रूपमा हेरिएको छ । अमेरिकी राष्ट्रपतिको चुनाव यतिधेरै नीरस यसअघि कहिल्यै बनेको थिएन। विशेषगरी चार राज्य एरिजोना, जर्जिया, पेन्सिलभेनिया र विन्स्कन्सिनका हालसम्मका अनिर्णित मतदाताले ती वृद्धहरूको भाग्य मात्र नभएर विश्वकै भविष्य निर्धारण गर्नेछन्।

भारतमा हालै सम्पन्न पाँच राज्यसभाका निर्वाचनबाट नरेन्द्र मोदीले प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकाल अनुमोदित हुने पक्कापक्की देखिएको छ । विश्लेषक योगेन्द्र यादवले अझै पनि भारतीय काङ्ग्रेस पार्टी नेतृत्वको प्रतिपक्षी गठबन्धन 'आइएनडिआइए' ले मोदीको लहर रोक्न सक्ने प्रक्षेपण गरेर थाकिसकेका भने छैनन् । हिन्दीभाषी बहुल उत्तर भारतीय क्षेत्रमा भारतीय जनता पार्टीको बढ्दो वर्चस्वलाई विवादित अयोध्याको राममन्दिरको उद्घाटनले नयाँ रोमाञ्च थपेको छ।

उता पाकिस्तानमा यसपटक सेनाको समर्थन नवाज शरीफको पाकिस्तान मुस्लिम लिगलाई हुने देखिएको छ। बङ्गलादेशमा प्रतिपक्षी बहिस्कारसँगै शेख हसिना वाजेदको शासन अवधि लम्बिने निश्चित छ।

रूसमा भ्लादिमिर पुटिन नयाँ संविधान अन्तर्गत तेस्रोपटक र समग्रमा पाँचौंपटक राष्ट्रपति निर्वाचित हुनेछन्। मेक्सिकोले महिलालाई प्रथमपटक राष्ट्रपति पदमा निर्वाचित गर्नेछ। प्रमुख दुई दलले महिला उम्मेदवार नै अगाडि सारेकाले यो सम्भव हुनेछ। बेलायतमा भने यसपटक प्रियतावादी नेतृत्व निर्वाचित हुनेछैन, कारण त्यस्ता नेताहरू प्रमुख पार्टीहरू लेबर र कन्जरभेटिभ दलको मुख्य नेतृत्वमा छैनन् । बहालवाला प्रधानमन्त्री ऋषि सुनकलाई १४ वर्षपछि केर स्टामर नेतृत्वको लेबर पार्टीको उदय रोक्न फलामको चिउरा साबित हुनेछ। उता फ्रान्सका मध्यमार्गी एमानुअल म्याक्रोंलाई दोस्रोपटक निर्वाचित हुनबाट रोक्ने बलियो प्रतिस्पर्धी देखिएको छैन । जर्मनीमा पनि एसडिपी नेतृत्वको वर्तमान गठबन्धन नै अगाडि छ।

अघोषित शीतयुद्ध नयाँ चरणमा प्रवेश गर्नेछ। सन् २०२३ को अन्त्यमा अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी जिन पिङले अमेरिका भ्रमणका क्रममा चार घण्टा आमनेसामने वार्ता गरेको कुराले गर्माएको विश्व राजनीति र चीन–अमेरिका द्वन्द्व केही ठण्डा भएको अनुमान गरिए तापनि त्यस शिखर वार्ताको ठोस सकारात्मक परिणति आउने सम्भावना कम छ।

युक्रेन र इजरायल युद्धमा अल्झिराख्दा अमेरिकाले ताइवानको रक्षा गर्न सक्छ कि सक्दैन, सन्देहको घेरामा परेको छ । ट्रम्प अमेरिकी राष्ट्रपतिमा विजयी बनेमा युरोपियन युनियनले युक्रेनको उद्धारको बोझ उठाउनुपर्नेछ। मध्यपूर्वको तनाव झट्ट समाप्त भइहाल्ने गुन्जाइस देखिएको छैन। इरानका ८४ वर्षीय सर्वोच्च नेता आयोतल्लाह अलि खामेनीका सम्भावित उत्तराधिकारी उनकै ५४ वर्षीय माइला छोरा मोजतोवातर्फ सबैको ध्यान आकृष्ट हुनेछ।

ऊर्जाको स्रोतको रूपमा स्वच्छ ऊर्जातिरको सङ्क्रमणले नयाँ हरित महाशक्तिहरूको उदय मात्र हुनेछैन ऊर्जाको स्रोतको नयाँ नक्शा पनि कोरिने छ । लिथियम, तामा र निकलको भाउ बढ्ने छ। नयाँ लडाइँ उच्च प्रविधियुक्त चिप्सका लागि हुँदैछ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नयाँ यथार्थ बन्न पुगेको छ । यसको उपयोग र दुरुपयोगबारे तीव्ररूपमा मत विभाजित छ । एआईको नियमन जटिल बन्दै जाने निश्चित छ, चुनावी परिणाम प्रभावित पार्न र प्रत्यक्ष रोजगारमा पर्ने असर भयावह हुने निश्चित छ । दि इकोनोमिस्ट अखबारका पत्रकार टाम स्टयान्देजले उल्लेख गरेजस्तै के सन् २०२४ मा पेरिस ओलम्पिक्स र पुरुषहरूको टी–२० विश्वकप क्रिकेटले मात्रै विश्वलाई जोडेर राख्न सक्ला त ?

नेपालमा पनि प्रियतावादको चर्को राग फैलिंदै गएको सङ्केत देखिन्छ । चितवन, तनहुँ र बारामा भएको संसदीय उपनिर्वाचनमा त्यो लहर बढ्दो थियो। आगामी माघमा हुन लागेको राष्ट्रियसभा निर्वाचन सकिएको तीन महीना अर्थात् चैत्र/वैशाखमा हुने अनुमान गरिएका इलामलगायत जिल्लामा हुने उपनिर्वाचनले प्रियतावादको ज्वरोको नयाँ मापन गर्नेछ। परम्परागत राजनीतिक दलले राष्ट्रियसभामा खडा गर्ने उम्मेदवारले त्यसको लागि भावभूमि तयार गर्नेछ। इपिएस परीक्षा दिएर कोरिया जान लागेका दुई युवाको प्रदर्शनीको क्रममा भएको मृत्युले सरकारमाथि दबाब बढेको छ।

सन् २०२४ को ध्यान अब गाजा र युक्रेनको युद्धभूमिभन्दा पर ७६ देशका मतपत्रहरूमा ज्यादा केन्द्रित हुनेछ । विशेषगरी अमेरिकाको निर्वाचन सर्वाधिक रुचि र चर्चाको विषय हुनेछ। त्यसको परिणामले युद्धग्रस्त गाजा र युक्रेनको भविष्य अनि ताइवानको सङ्कट मात्र नभएर एक ध्रुवीय विश्व कति छिटो बहुध्रुवीय हुनेछ भन्ने कुराको निर्धारण गर्नेछ। अमेरिकी निर्वाचनमा ट्रम्प विजयी हुने कुरा पानीढलो साबित हुनेछ । उनलाई दुई राज्यका अदालतले निर्वाचनमा खडा हुनबाट वञ्चित गरेको भए पनि पुराना नजीरको अभावमा सर्वोच्च अदालतले राष्ट्रपति उम्मेदवार हुनबाट रोक्न नसक्ने अनुमान गरिएको छ । मत परिणामले लोकतन्त्रको बढ्दो सङ्कट कम गर्न सकोस्। निर्वाचनहरूको जय होस्। बुलेट होइन, ब्यालेट वर्ष २०२४ को शुभकामना !

–लेखक राजनीतिक विश्लेषक हुन्। रासस



**चीसोको कारण घाममा बसेर वार्षिक परीक्षा दिंदै:** चीसो बढेसँगै हुम्लाको सिमकोट गाउँपालिका–८ साँतागाउँमा रहेको बलभद्र आधारभूत विद्यालयका विद्यार्थीहरू घाममा बसेर वार्षिक तथा अन्तिम परीक्षा दिंदै । तस्बिर: दाने बोहरा/रासस

## फरक समाचार

### चीसो भगाउन अन्डा सेवन गरौं

अहिले चीसो निकै बढेको छ। चीसोमा न्यानो कपडा र स्वस्थकर खानेकुरा खाएर जोगिन सकिन्छ। जाडोमा अन्डाले निकै फाइदा पुऱ्याउँछ किनभने अन्डामा



थुप्रै पोषक तत्त्व हुन्छन्। एउटा रिपोर्ट अनुसार अन्डा प्रोटिनको सबैभन्दा राम्रो स्रोत हो । एउटा अन्डामा छ ग्राम प्रोटिन हुन्छ। प्रोटिनको प्रयोग हाम्रो शरीरले एन्टिबडी बनाउन प्रयोग गर्छ, एन्टिबडीले शरीरमा सम्पूर्ण प्रकारको सङ्क्रमणबाट जोगाउन मदत गर्छ ।

अन्डामा राम्रो मात्रामा स्वस्थकर फैट पाइन्छ। यसले हाम्रो शरीरको वजन नियन्त्रित गर्छ भने कोशिकाको विकासमा महत्त्वपूर्ण योगदान दिन्छ। जाडोमा हाम्रो शरीर गर्म भयो भने शरीरमा रोग लाग्दैन। त्यसैगरी, अन्डामा भिटामिन डी पनि पाइन्छ। जाडोमा घाम कम लाग्ने हुनाले भिटामिन डीको कमी पूरा गर्न अन्डा सेवन गर्न सकिन्छ। एउटा अन्डा खानाले भिटामिन डीको दैनिक आवश्यक १० प्रतिशत पूरा हुन्छ। त्यस्तै, अन्डामा भरपूर मात्रामा जिङ्क, भिटामिन बी ६ र बी १२ हुन्छ, यसले हाम्रो इम्युन सिस्टम मजबूत गर्छ। रुघाखोकी, सिजनल फ्लू, ब्याक्टेरिया र भाइरल इन्फेक्शनबाट बचाउँछ।

तर अन्डाको सेवन निश्चित मात्रामा गर्नुपर्छ । बढी अन्डा खाएपछि थुप्रै समस्या हुन्छन् । त्यस्तै, तपाईं कुनै रोगबाट ग्रसित हुनुहुन्छ भने अन्डा सेवन गर्नुभन्दा पहिले चिकित्सकसँग सल्लाह लिनुपर्छ । अन्डा सेवन गरेपछि कुनै किसिमको समस्या भए खानुहुँदैन ।

यसैगरी, अन्डाले दिमागको क्षमता बढाउँछ भने आँखामा फाइदा पुऱ्याउँछ। मांसपेशीको निर्माण चाँडै हुन्छ । गर्भावस्थामा अन्डा निकै लाभकारी हुन्छ । अन्डाले हाडलाई मजबूत बनाउँछ भने तनाव टाढा भगाउँछ। अन्डाले क्यान्सरको खतरा कम गर्छ। काँचो अन्डा कपालको लागि निकै फाइदाजनक हुन्छ। अन्डाको सेतो भाग डन्डीफोर आउँदा लगाएमा निको हुन्छ।

### तरकारी काट्ने र धुने उपाय

यतिबेला बजारमा थरीथरीका हरिया सागपात बिक्री भइरहेका छन्। हामी कुनै तरकारी काटेर धुन्छौं भने कुनै तरकारीलाई धोएर काट्छौं । तरकारीमा थुप्रै प्रकारका हानिकारक कीटनाशक औषधि छर्किएका हुन्छन्। मौसममा पाइने तरकारी हामीले सेवन गर्नुपर्छ। बोक्रासहित तरकारी खाने प्रयास गर्नुपर्छ किनभने यसमा हुने फाइबरले कब्ज हटाउँछ।



आजभोलि बजारमा पाइने तरकारीमा विभिन्न किसिमका हानिकारक कीटनाशक छर्किएका हुन्छन्। यसैले काट्नुभन्दा पहिले तरकारीलाई पाँच मिनेटसम्म तातो पानीमा डुबाएर राम्ररी धुनुपर्छ। जाडोमा पाइने पालक, तोरी, बथुवा, सोया, मेथी, चम्सुर, गाजर, मूला आदिलाई काटेर धुनुहुँदैन किनभने यसमा मौजुद पोषक तत्त्व पानीको साथमा जान्छ। यसैले काट्नुभन्दा अघि राम्ररी धुनुपर्छ। हरियो तरकारीलाई धेरै समयसम्म पकाउनुहुँदैन, यसो गर्दा त्यसमा रहेका मिनरल्स नष्ट हुन्छन्। तर गाजरलाई धेरै बेरसम्म पकाउँदा त्यसमा मौजुद पोषक तत्त्व लाइकोपिनको मात्रा बढ्छ। उसिनेको आलु स्वास्थ्यको लागि फाइदाजनक हुन्छ।

भनिन्छ, तरकारीलाई जति मसिनो काटचो, त्यति त्यसको पोषक तत्त्व कम हुन्छ। पकाउनुभन्दा एक/दुई घण्टा पहिले तरकारी काट्नुहुन्छ वा मसिनो गरेर तरकारी काट्नुहुन्छ भने यसको स्वाद हराउँछ । त्यस्तै मसिनोगरी काटेको तरकारी तुरुन्तै पकाउनुपर्छ।

### दक्षिणपन्थी विचारधाराका अभिभावक पक्षपाती हुन्छन्

बच्चालाई सजाय दिने व्यवहार उनीहरूको मातापिताको राजनीतिक विचारधाराबाट प्रभावित हुन्छ। कन्जर्भेटिभ मातापिताका बच्चा सजाय दिनमा आफ्नो र परायाको विभेद गर्छन्। उनीहरू कुनै अर्को समूहका बच्चाको गलतीको लागि सजाय दिन इच्छुक हुने गर्छन्।



त्यस्तै, उदारवादी विचारधाराका मातापिता गलतीको लागि आफ्नो र दोस्रो समूहका बच्चालाई बराबरी दण्डित गर्छन्। कैयौंपटक उनीहरू गलतीको लागि आफ्नो समूहका सदस्यको लागि बढी कठोर हुन सक्छन्।

न्युयोर्क युनिभर्सिटीको स्कोलर राशेल ए रेशिनले राजनीतिक विचारधाराका बच्चाको सजायसँग सम्बन्धित व्यवहार बुझ्ने प्रयास गरेका छन् । अध्ययनमा भनिएको छ बच्चा शुरूदेखि नै अन्य बच्चालाई गलतीको लागि सजाय दिन तत्पर रहन्छन्, भलै यसबाट उनीहरूमाथि कुनै असर नहोस्। यसको लागि उनीहरू जस्तोसुकै मूल्य चुकाउन तयार रहन्छन्।

यो व्यवहार दुनियाँभरिमा भिन्दाभिन्दै संस्कृतिमा पाइन्छ। न केवल बच्चा, बरु वयस्कमा पनि यो स्वभाव देखिन्छ। लेशिनको भनाइ छ यो चाखलाग्दो छ कि कसरी बच्चा आफ्नो वरपरको सामाजिक माहोलबाट मूल्य र विश्वास ग्रहण गर्छन्। यस प्रकारको सजाय गलत गर्नेप्रति रिस जाहिर गर्ने र त्यसको लागि दण्डित गर्ने इच्छालाई देखाउँछन्।

कन्जर्भेटिभलाई बढी वफादारी र अन्य समूहलाई लिएर विरोधी रवैया राख्नेसँग जोडिन्छ। अर्कोतर्फ उदारवादी विचारधारामा वफादारीमा निष्पक्षतालाई प्राथमिकता दिइन्छ। कठोर सजायको सट्टा सुधारवादी सजायलाई प्रमुखता दिइन्छ।

आठ वर्षसम्म बच्चामाथि दुईवटा प्रयोग गरिएको थियो। पहिलो न्यूयोर्कको म्युजियमबाट बच्चालाई लगिएको थियो भने दोस्रोमा पूरै अमेरिकाको तथ्याङ्कबाट बच्चालाई चुनिएको थियो। आधा बच्चाले गलतीको लागि सजाय दिने निर्णय लिएका थिए भने त्यत्तिकै मात्रामा बच्चाले सजाय नदिनुपर्ने निर्णय लिएका थिए।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## सन् २०२३ प्यालेस्टिनीका लागि सबैभन्दा घातक वर्ष



रामल्लाह, १६ पुस/सिन्हवा

प्यालेस्टिनी केन्द्रीय तथ्याङ्क विभागले सन् १९४८ यताका अन्य वर्षभन्दा सन् २०२३ मा द्वन्द्वमा बढी प्यालेस्टिनीको मृत्यु भएको जनाएको छ ।

विभागका अनुसार सन् २०२३ मा २२,४०४ प्यालेस्टिनीको मृत्यु भएको छ।

अक्टोबर ७ मा इजरायल र गाजाको सत्तारूढ हमासबीच द्वन्द्व शुरू भएयता प्यालेस्टिनी २२,१४१ जनाको मृत्यु भएको र इजरायली आक्रमणमा भएका मृत्युमध्ये ९८ प्रतिशत मृत्यु गाजामा भएको छ ।

गाजामा अहिलेसम्म करीब ९ हजार बालबालिका र ६,४५० महिलाको मृत्यु भएको छ भने अक्टोबर ७ यता वेस्ट बैंकमा ३१९ प्यालेस्टिनी मारिएका छन्।

प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले आफ्नो नागरिक आफ्नो भूमिबाट विस्थापित भएको स्वीकार नगर्ने बताएका छन् ।

फतह आन्दोलनको स्थापनाको ५९ औं वर्षगाँठको अवसरमा जारी वक्तव्यमा अब्बासले प्यालेस्टिनी प्राधिकरणले आफ्नो एक इन्च पनि भूभाग नछोड्ने र गाजाप्रतिको जिम्मेवारीबाट पछि नहट्ने बताएका छन् ।

अब्बासले सैन्य समाधानले शान्ति वा सुरक्षा प्रदान नगर्ने उल्टो यस क्षेत्र र बाँकी विश्वलाई अस्थिर बनाउने बताएका छन् । उनले प्यालेस्टिनको स्वतन्त्रता र स्वतन्त्रताको अधिकारलाई मान्यता दिने अन्तर्राष्ट्रिय कानून र प्रस्तावहरूमा आधारित राजनीतिक समाधानको लागि आह्वान गरेका छन् । रासस

## नोबेल पुरस्कार विजेता युनुसलाई छ बर्ष जेल सजाय

ढाका, १६ पुस/एएफपी

बङ्गलादेशका नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसलाई सोमवार श्रम कानूनसम्बन्धी मुद्दामा फैसला सुनाउँदै छ महीनाको जेल सजाय तोकिएको छ। उनका समर्थकले उक्त मुद्दालाई राजनीतिबाट प्रेरित रहेको दाबी गर्दै आएका छन् ।

८३ वर्षीय युनुसलाई आफ्नो अग्रणी माइक्रोफाइनान्स बैंकमार्फत लाखौंलाई गरीबीबाट माथि उकास्ने श्रेय दिइन्छ तर लामो समयदेखि प्रधानमन्त्री रहेकी शेख हसिनासँग उनले दुश्मनी कमाएका छन् ।

कुनै समय राजनीतिक प्रतिद्वन्द्वीको रूपमा हेरिएका र सन् २००६ को नोबेल शान्ति पुरस्कार विजेता युनिसविरुद्ध हसिनाले शृङ्खलाबद्धरूपमा चर्को आलोचना गर्दै आएकी छन् ।

विपक्षीको बहिष्कारपछि हसिनाले अर्को साता हुने राष्ट्रिय निर्वाचनमा पाँचौं कार्यकालका लागि जीत हासिल गर्ने निश्चितजस्तै भएको छ ।

अर्थशास्त्री युनुस र ग्रामीण टेलिकमका तीन सहकर्मीमाथि कम्पनीमा श्रमिक कल्याण कोष स्थापना गर्न असफल भएपछि श्रम कानून उल्लङ्घन गरेको आरोप लगाइएको छ। चारैजनाले आरोप अस्वीकार गरेका छन् । राजधानी ढाकास्थित श्रम अदालतले सोमवार दिउँसो फैसला सुनाएको हो ।

"प्रोफेसर मोहम्मद युनुस र अन्यले श्रम कानूनको अनिवार्य आवश्यकता उल्लङ्घन गरेको पुष्टि भएको छ," मुख्य अभियोजक खुर्सिद आलम खानले एएफपीसँग भने ।

युनुसमाथि श्रम कानून उल्लङ्घन र भ्रष्टाचारको आरोपमा १०० भन्दा बढी अन्य अभियोग लगाइएको छ ।

युनुसले गत महीना भएको सुनुवाइपछि पत्रकारसँग कुरा गर्दै आफूले बङ्गलादेशमा स्थापना गरेका ५० भन्दा बढी सामाजिक व्यवसाय फर्ममध्ये कुनै पनि कम्पनीबाट कुनै लाभ नलिएको बताएका थिए ।

युनुसले भने, "ती मेरा व्यक्तिगत फाइदाका लागि थिएनन् ।"

उनका एक वकील खाजा तनवीरले एएफपीसँग भने, "यो मुद्दा योग्यताहीन, झूटो र गलत मनसायबाट प्रेरित थियो ।"

उनले भने, "यो मुद्दाको एकमात्र उद्देश्य उहाँलाई विश्वसामु उत्पीडन र अपमानित गर्नु हो ।"

गत अगस्तमा अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा र संयुक्त राष्ट्रसङ्घका पूर्वमहासचिव बान की मुनसहित विश्वका १६० हस्तीले संयुक्त पत्र लेख्दै युनुसमाथि भइरहेको निरन्तरको न्यायिक उत्पीडनको निन्दा गरेका थिए ।

नोबेल पुरस्कार विजेतामध्ये १०० भन्दा बढीले उनको सुरक्षा र स्वतन्त्रताका लागि आफूहरूलाई डर लागेको बताएका छन् ।

आलोचकहरूले बङ्गलादेशी अदालतमाथि हसिनाको सरकारले गरेका निर्णयलाई रबर स्टयाम्पिङ गरेको आरोप लगाएका छन् । रासस

## जापानमा शक्तिशाली भूकम्प, सुनामीको चेतावनी

टोकियो, १६ पुस/एएफपी

जापानको मध्य भागमा सोमवार ७.५ म्याग्नीच्यूडको शक्तिशाली भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भेक्षण (युएसजिएस)ले जनाएको छ ।

इशिकावा प्रान्तको नोटो क्षेत्रमा स्थानीय समय अनुसार अपराह्न ४:१० बजे गएको भूकम्पपछि राष्ट्रिय प्रसारक एनएचकेले भनेको छ, "सबै बासिन्दालाई तत्काल उच्च स्थानमा स्थानान्तरण गर्न आवश्यक छ ।"

जापानको तटीय क्षेत्रमा केन्द्रबिन्दु रहेको ३०० किलोमिटरभित्र सुनामीको खतरनाक छाल आउन सक्ने हवाईस्थित प्यासिफिक सुनामी वार्निङ सेन्टरले जनाएको छ ।

भूकम्पपछि इशिकावा प्रान्तको वाजिमा शहरमा १.२ मिटरको सामुद्रिक छाल आएको जापानी सञ्चारमाध्यम एनएचकेले जनाएको छ ।

जापानको मौसम विज्ञान निकाय (जेएमए)का अनुसार सोही क्षेत्रको नोटोमा पाँच मिटरभन्दा बढी सुनामी आउने अनुमान गरिएको छ ।

जेएमएका अनुसार जापानको मुख्य टापु होन्शुको सागरमा रहेको नोटो क्षेत्रमा स्थानीय समय अनुसार अपराह्न ४ बजेर ६ मिनेटमा ५.७ म्याग्निच्यूडको भूकम्प गएको थियो । रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**दाउराको कुन्यू:** बाल्नका लागि सुरक्षितरूपमा कुन्यू लगाएर राखिएको भोजपुरको ग्रामीण क्षेत्रमा कटिएको दाउरा । तस्बिर: निरोज कोइराला/रासस

## ट्याक्टर र साइकल बरामद

प्रस, वीरगंज, १६ पुस/

पर्सा प्रहरीले भेडाहा खोलाबाट अवैध उत्खनन गरी बालुवा लोड गरेको कसूरमा दुईवटा ट्याक्टरलाई नियन्त्रणमा लिएको छ । प्रहरी चौकी मिलनचोकले हिजो एउटा र आज एउटा गरी दुईवटा ट्याक्टर नियन्त्रणमा लिएर सम्बन्धित पालिकामा बुझाउने जनाएको छ। वीरगंज महानगरपालिका–३१ स्थित भेडाहा खोलामा नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का लागि नसकेको अवस्थामा अवैध तरीकाबाट बालुवा उत्खनन कार्य भइरहेको छ ।

यसैबीच, प्रहरी चौकी मिलनचोकले दुईवटा साइकलसहित काँचो दाउरा बरामद गरेको छ। प्रहरी सहायक निरीक्षक प्रमोद साहले प्रहरीलाई देखेर तस्कर भागेको र दुईवटा साइकलमा लोड काँचो दाउरा बरामद भएको बताए। बरामद साइकल र काँचो दाउरा सबडिभिजन वन कार्यालय, सबैयाटाँडीमा बुझाइएको छ।

## ९३ लाख बढीको समान बरामद

प्रस, वीरगंज, १६ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले ९३ लाख बढीको भन्सार छलीका सामान बरामद गरेको छ। पथलैया प्रहरी चौकीले हिजो राति ना.४ख ८३५८ नंको ट्रक नियन्त्रणमा लिएर सोमा बिलबीजकभन्दा बढीका सामान भेटाएपछि थप अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ । बरामद सामानहरू ९३ लाख ३४ हजार बराबर रहेको जानकारी गराइएको छ।

## प्रहरी चौकीलाई अग्नि नियन्त्रक मेशीन

प्रस, वीरगंज, १६ पुस/



वडा प्रहरी कार्यालय, बिर्ताले सोमवार मातहतका चौकीहरूलाई आगो नियन्त्रक मेशीन वितरण गरेको छ ।

वप्रका, बिर्ताका प्रमुख एवं प्रहरी निरीक्षक पुष्कर बोगटीले वारुणयन्त्र पुग्नुअघि सानातिना आगलागीका घटनामा प्रयोग हुने र प्रहरी सङ्गठनले यही वर्षभित्र सबै चौकीमा आगो नियन्त्रणमा प्रयोग हुने अग्नि नियन्त्रण मेशीनको व्यवस्था गरिसक्ने नीतिअनुरूप मातहतका चौकीहरूमा सो सामग्री उपलब्ध गराइएको बताए। वप्रका, बिर्ता मातहत छपकैया, इनर्वा, आदर्शनगर, गणेशटोल, घण्टाघर, नगवा र ग्रीन सिटी आदि पर्छन् ।

प्रनि बोगटीले वडा प्रहरी कार्यालयमा १३ वटा सिसिटिभी क्यामरा जडान गर्नुका साथै थुनुवाहरूको लागि लाइब्रेरीको पनि व्यवस्था गरिएको बताए ।

## ब्याग र शैक्षिक सामग्री वितरण

प्रस, वीरगंज, १६ पुस/

लायन्स क्लब अफ काठमाडौं सुनाखरीको सहयोगमा लायन्स क्लब अफ वीरगंजले बहुदरमाई नगरपालिकाको नेरामावि विश्रामपुरमा अध्ययनरत विद्यार्थीहरूलाई ब्याग र शैक्षिक सामग्री सहयोग गरेको छ ।

लायन्स क्लब अफ वीरगंजका राधेश्याम खेतानले करीब ८० हजार मूल्य बराबरका ब्याग र शैक्षिक सामग्री १२५ जना विद्यार्थीलाई डिस्ट्रिक गभर्नर विनय बस्नेतले वितरण गरेको बताए ।

कार्यक्रममा सामाजिक कार्यकता प्रकाश थारूलगायत लायन्सका दिपेन यादव, विनीत जयसवाल, विजय गुप्ता, राधा तामाङलगायतको सहभागिता थियो।




### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | विजय | वृष | धनलाभ |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | प्रगति | वृश्चिक | वादविवाद |
| धनु | यात्रालाभ | मकर | कडाश्रम |
| कुम्भ | सुसमाचार | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# रिहाइ माग गर्दै जनमतको प्रदर्शन

प्रस, वीरगंज, १६ पुस/

जनमत पार्टीले सङ्घीय राजधानी काठमाडौंको निषेधित क्षेत्रमा सोमवार पक्राउ परेका नेताहरूलाई अविलम्ब ससम्मान रिहा नगरिए कडा आन्दोलनमा उत्रने चेतावनी दिएका थिए । यसैगरी, सिम्रौनगढ बजार परिक्रमा गरिएको थियो । जनमत पार्टीको सिम्रौनगढ नगर कमिटी अध्यक्ष विजय ठाकुरको नेतृत्वमा



धोती दिवस मनाउँदा प्रहरीले पार्टी अध्यक्ष डा सिके राउतलगायत कार्यकर्ताहरूलाई पक्राउ गरेको विरोधमा वीरगंज-१५ प्रतिमाचोकमा जनमतका कार्यकर्ताहरूले रिहाइको माग गर्दै विरोध प्रदर्शन गरेका थिए ।

जनमत पार्टी, पर्साका अध्यक्ष ओमप्रकाश सर्राफको नेतृत्वमा प्रतिमाचोकमा टायर बालेर पक्राउ परेका नेता, कार्यकर्ताहरूलाई ससम्मान रिहा गर्न माग गरिएको थियो । प्रदर्शनमा सहभागी जनमतका स्थानीय नेताहरू प्रह्लाद गिरी, सिपु तिवारी, विनय यादव, श्याम गुप्ता, रामजी रौनियार, नजमा खातुन, सञ्जय सिंह, रेखा यादव, उमाशङ्कर गुप्तालगायतले काठमाडौंमा जनमत पार्टीका कार्यकर्ताहरूले सर्लाहीको जिल्ला समन्वय समिति चोकमा पनि पक्राउको विरोध गर्दै रिहाइको मागसहित प्रदर्शन गरेका थिए ।

**प्रस, सिम्रौनगढ/**

जनमत पार्टीका कार्यकर्ताहरूले नेता, कार्यकर्ताहरूको रिहाइ माग गर्दै सिम्रौनगढ नगरपालिकामा प्रदर्शन गरेका थिए । धोती दिवस मनाउने क्रममा काठमाडौंमा निषेधित क्षेत्रमा प्रदर्शन गरेको कसूरमा प्रहरीले जनमत पार्टीका अध्यक्ष डा सिके राउतसमेत दर्जनौं नेता, कार्यकर्ताहरूलाई पक्राउ गरेको थियो । सिम्रौनगढको कङ्काली मन्दिर परिसरबाट निकालिएको र्‍यालीमा मधेसी एकता जिन्दाबाद, धोती मधेसीको पहिचान हो जस्ता नारा लगाएर निकालिएको र्‍यालीमा आरके राउत, गगनदेवप्रसाद कुशवाहा, चन्दन शर्मालगायतको सहभागिता थियो ।

**अध्यक्ष राउतसहितका कार्यकर्ता रिहा**

निषेधित क्षेत्रमा प्रदर्शन गरेको भन्दै नेपाल प्रहरीले नियन्त्रणमा लिएका जनमत पार्टीका अध्यक्ष सिके राउत र सो पार्टीका नेता एवं सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनीता देवीसहितका कार्यकर्ता केही समयको हिरासतपछि रिहा भएका छन् ।

प्रतिनिधिसभाका सदस्यसमेत रहेका राउतसहित सो पार्टीका ६३ जनालाई प्रहरीले हिरासतमा लिएको थियो । उनीहरूले काठमाडौंको नयाँ बानेश्वरबाट माइतीघरतर्फ पदयात्रा गरिरहेका बेला निषेधित क्षेत्रमा प्रदर्शन गरेको भन्दै प्रहरीले नियन्त्रणमा लिई नेपाल प्रहरी क्लबमा राखेको थियो ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ सो क्लबमा आफैं पुगी अध्यक्ष राउत, मन्त्री अनीता देवी र प्रदर्शनमा सहभागी सबैलाई रिहा गर्न आदेश दिएको गृहमन्त्रीका प्रेस संयोजक कमल गिरीले जानकारी दिए ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले निषेधित क्षेत्रमा प्रदर्शन गर्न नमिल्ने भएकाले काठमाडौं प्रहरी परिसरले हिरासतमा लिएको बताए ।


## वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- वैदेशिक रोजगारमा पठाउने व्यक्ति वा संस्था आधिकारिक हो, होइन यकीन गरौं ।
- वैदेशिक रोजगारका लागि पर्यटक भिसाको प्रयोग नगरौं ।
- श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारमा जाऔं ।
- **श्रम स्वीकृतिविना वैदेशिक रोजगारमा जाने कामदारहरूले :**
  - करारबमोजिम काम र सुविधा नपाउने,
  - विदेशी भूमिमा पीडित बन्नुपर्ने,
  - स्वदेश फर्कन कठिनाइ हुने,
  - कतिपय अवस्थामा जेलसजायसमेत भोग्नुपर्ने,
  - ज्यानसमेत गुमाउनुपर्नेलगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार

विज्ञापन बोर्ड





**जातेकुना ...**

घुम्न आउनेहरूका लागि बस्न मिल्ने फलामे ट्रस पनि राख्ने योजना रहेको बताए । सरकारी बजेटसँगै स्थानीयहरूले पनि केही न केही संरचना वा भगवान्‌का मूर्तिहरू निर्माण गर्न सके चाँडै नै यसको विकास हुने उनले सुझाए ।

वन समूहको प्रस्तावित वन क्षेत्रको हैसियत बिग्रिएको चुरे फेदमा रहेको सिमसार क्षेत्रमा डिभिजन वन कार्यालय बारा र जलाधार तथा भूसंरक्षण कार्यालय, रौतहटले तीनवटा पोखरी निर्माण गरेपछि अहिले यो वन क्षेत्रको जातेकुना सिमसार पोखरी क्षेत्र वनभोज खान आउनेहरूको रोजाइमा पर्न थालेको छ । यो वन क्षेत्र राजमार्गबाट करीब १० किलोमिटर उत्तर विश्वकै कान्छो पहाड चुरेको फेद र बस्तीबाट बढीमा पाँच किलोमिटरभित्र रहेको वन समूहकी सचिव लीला राउतले बताइन् ।

मूल सिमसार क्षेत्रमा विगतमा चित्तल, हरिण, मृग, खरायो, मयुर, वन कुखुरालगायत अन्य पशुपक्षीहरूको बाक्लो उपस्थित हुने गरेको र पोखरी निर्माणपछि पशुपक्षीहरूको चहलपहल झनै बढ्ने सम्भावना देखिएको छ ।

वन समूहको जातेकुनास्थित वन क्षेत्रको भौगोलिक भूबनोटसँगै चुरे आसपासमा रहेका सालका घना वनले र लगभग सात हेक्टर वन क्षेत्रमा रहेको पारिजात फूलले भरिएको वनले पर्यटकहरूको मन लोभ्याउने वन समूहका सदस्य खसली मोक्तान र लक्ष्मीप्रसाद तिमिल्सिनाले बताए । घार, दाउरा, गोठाला आउँदा पारिजात फूल फुल्दा मनै लोभ्याउने गरी वन सुन्दर देखिने वन समूहका सदस्य चन्द्रमणि दाहाल बताउँछन् ।

# खेलकूदको संसार

## प्रधानमन्त्री कप क्रिकेट : सुदूरपश्चिमलाई हराउँदै कोशी फाइनलमा

काठमाडौं, १६ पुस/रासस

कोशी प्रदेशले सुदूरपश्चिम प्रदेशलाई नौ विकेटले पराजित गर्दै प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ ।

सुदूरपश्चिम प्रदेशले दिएको ८९ रनको लक्ष्य कोशीले १३ ओभरमा एक विकेटको क्षतिमा पूरा गर्‍यो । कोशीले फाइनलमा सशस्त्र प्रहरी बलसँग यही पुस १८ गते प्रतिस्पर्धा गर्नेछ ।

कोशी प्रदेशको जीतमा काजल श्रेष्ठले सर्वाधिक ३८ रनको योगदान दिइन् । उनले ३५ बलमा सात चौका प्रहार गरिन् । त्यसैगरी, कप्तान रूविना क्षेत्रीले २३ बल खेल्दै सात चौकाको मदतमा ३७ रन जोडिन् । अपसरी बेगम १२ रनमा अविजित रहिन् ।

सुदूरपश्चिमका लागि लक्ष्मी साउदले एक विकेट लिइन् । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ८८ रनको योगफल बनाएको थियो । उसका लागि सम्झना खड्काले सर्वाधिक २५ रनको योगदान दिइन् । त्यस्तै, इन्दु बर्माले १७ तथा कविता जोशीले १५ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । रूबी पोदार, लक्ष्मी साउद र अनु कठायतले समान सात/सात रन बनाए ।

कोशीका लागि सङ्गीता राईले दुई विकेट लिइन् भने निशा शाह, अलिसा खादिया र सबनम राईले समान एक/एक विकेट लिए ।

## राष्ट्रिय महिला भलिबलको उपाधि एपिएफलाई

मनहरी, १६ पुस/रासस

हेटौंडामा भएको केशवलाल श्रेष्ठ स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि सशस्त्र प्रहरीको एपिएफ क्लबले जितेको छ । सोमवार भएको फाइनल खेलमा चन्द्रागिरि नगरपालिका न्यू डाइमन्ड क्लबलाई ३-१ को सेटमा पराजित गर्दै एपिएफले उपाधिसहित रु दुई लाख जितेको हो । एपिएफले न्यू डाइमन्डलाई १९-२५, २०-२५, १७-२५ र २३-२५ को सेटमा हराएको हो । उपविजेता भएको न्यू डाइमन्डले रु एक लाखसहित ट्रफी, मेडल प्राप्त गरेको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी निरुता ठगुन्ना, उत्कृष्ट प्रशिक्षक विजय केसी र उत्कृष्ट सर्भर एपिएफका सरस्वती चौधरी हुँदा बाँकी विधागत उत्कृष्ट खेलाडीको पुरस्कार न्यू डाइमन्डले प्राप्त गरेको छ । उत्कृष्ट स्पाइकर जेनिसा विश्वकर्मा, ब्लकर सुमित्रा रेग्मी, डिफेन्डर सलिना श्रेष्ठ र सेटर प्रगति नाथ घोषित भए ।

सर्वोत्कृष्ट खेलाडीले रु १५ हजार र विधागत उत्कृष्टले नगद रु पाँच हजारसहित ट्रफी प्राप्त गरे । पाँचवटा टोलीको सहभागिता रहेको प्रतियोगिता सिङ्गल राउन्ड रोबिनका आधारमा सञ्चालन भएको थियो । एपिएफ ११ अङ्कका साथ समूह विजेता र न्यू डाइमन्ड १० अङ्कसहित समूह उपविजेता हुँदै फाइनल खेलेका थिए । समूह चरणको अन्तिम खेलमा न्यू डाइमन्डले त्रिभुवन आर्मीलाई र एपिएफले नेपाल पुलिस क्लबलाई हराउँदै उपाधि भिडन्त गरेका थिए । प्रतियोगिताको सेमिफाइनलबाट बाहिरिएका त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबले रु ५०/५० हजार प्राप्त गरेका छन् ।

विजेता, उपविजेता तथा विधागत उत्कृष्ट खेलाडीहरूलाई हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामा, आयोजक केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानका अध्यक्ष प्रताप विष्ट, मकवानपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष वसन्तकुमार सिटौला, वडाध्यक्षहरूलगायतले पुरस्कार वितरण गरेका थिए ।

मकवानपुर जिल्ला खेलकूद विकास समितिले औद्योगिक शान्ति नेपाल संस्थासँगको सहकार्यमा हेटौंडामा आयोजना गरेको बृहत् खेलकूद तथा व्यापार महोत्सवमा भलिबल सङ्घ र केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानले १३ गतेदेखि राष्ट्रिय महिला भलिबल प्रतियोगिताको आयोजना गरेको थियो ।


# गण्डक नहरबाट भारतीय युवकको शव बरामद

प्रस, वीरगंज, १६ पुस/

धोबनी गाउँपालिकास्थित गण्डक नहरको पुलमा लडेर आइतवार राति एकजना भारतीय युवकको मृत्यु भएको छ । भारत बिहार पश्चिमी चम्पारण चनपटिया निवासी ३० वर्षीय भुलाई रामको मृत्यु भएको इलाका प्रहरी कार्यालय, पोखरियाले जनाएको छ ।

भारतीय नम्बर बीआर २२ बीबी ९४१६ को मोटरसाइकल पूर्वबाट पश्चिम साइफन भन्ने सहायक नहरको पुलबाट लडेर रामको मृत्यु भएको प्रहरीले जनाएको छ । हिजो राति नहरमा डुबेर मृत्यु भएका राम चढेको मोटरसाइकल नहरको पानी माथि तैरिरहेको अवस्थामा सोमवार बिहान भिखमपुरका युवकहरूले देखेर प्रहरीलाई खबर गरेका थिए ।

साइफन भन्ने सहायक नहरमा पानीको मात्रा बढी हुन्छ । प्रहरीले मोटरबोटको प्रयोगबाट मोटरसाइकल रहेको स्थानदेखि केही पर पानीमा रामको शव बरामद गरेको छ । राम हिजो पर्सा जिल्ला जगरनाथपुर गापा-२ लक्ष्मीपुरस्थित ससुराली आएका थिए । बेलुका खाजा खान भनेर ससुरालीबाट बाहिरिएका उनी आज बिहान मृत फेला परेका हुन् । प्रहरीले प्रारम्भिक अनुसन्धानमा मदिरा सेवन गरी सवारी दुर्घटनाबाट रामको मृत्यु भएको जनाएको छ । घटनाबारे प्रहरीले थप अनुसन्धान जारी रहेको जनाएको छ ।



गण्डक नहरबाट मोटरसाइकल निकाल्दै प्रहरी । तस्वीरः प्रतीक



**जङ्गल मेरो पनि होः** चीसो बढेसँगै वनजङ्गल क्षेत्रमा दाउरा खोज्न जाने मानिसहरूको दिनहुँ लर्को लाग्ने गरेको छ । जङ्गलमा मानिसहरूको चहलपहल बढेपछि वन्यजन्तुहरू आफूलाई असुरक्षित महसूस गर्छन् । मानिस हिंडेको आवाज सुनेपछि टाठो भएर हेर्दै हरिण । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक